# संघीय संसद
# राष्ट्रिय सभा
# बाह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# ९ असार २०७९
# बिहीवार
# बैठक सङ्ख्या- २६

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०० बजे प्रारम्भ भयो ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, विनियोजन विधेयक, २०७९ का विभिन्न शीर्षकहरूमाथिको छलफलको क्रम जारी रहन्छ । यसअन्तर्गत आज भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय; अर्थ मन्त्रालय; सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय; सञ्चार तथा सूचना प्रविधि मन्त्रालय; गृह मन्त्रालय; रक्षा मन्त्रालय; राष्ट्रिय योजना आयोगको सचिवालय; प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यलयसम्बन्धी विनियोजन शीर्षकहरूमाथि छलफल हुने बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभा नियामावली, २०७५ को नियम १३४ बमोजिम ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथि माननीय भैरव सुन्दर श्रेष्ठबाट खर्च कटौतीको प्रस्ताव प्राप्त हुन आएको छ ।

अब म खर्च कटौती प्रस्तावको प्रस्तावक माननीय भैरव सुन्दर श्रेष्ठलाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजका लागि निर्धारित मन्त्रालयका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय १७ मिनेट ।

माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले):- सम्माननीय अध्यक्षज्यू, हामी करिब तीन दिनदेखि नेपाल सरकारले पेस गरेको आर्थिक बजेट, र विनियोजन शीर्षक, विभिन्न मन्त्रालयको विभिन्न शीर्षकमा विनियोजन गरेको शीर्षकका विषयमाथि हामी छलफल गरिरहेका छौं । यसै सन्दर्भमा मैले पनि आफ्ना केही कुराहरू राख्न चाहन्छु ।

यो विनियोजन विधेयकका शीर्षकहरू आउनुभन्दा पूर्व बजेटसँग जोडिएका विनियोजन विधेयक, २०७९ का सिद्धान्त र प्राथमिकता करिब २१ ओटा बुँदामा समेटिएको थियो । सरकारको नीति तथा कार्यक्रम त्यहीसँगै आयो । जो १ सय ४५ बुँदामा समेटिएको थियो । त्यसैसँग फेरि आर्थिक वर्ष, २०७९/८० को बजेट जो ४ सय ३० ओटा बुँदामा समेटिएर ज्येष्ठ १५ गते हामीले बजेट प्राप्त चाहिँ गर्‍यौं । यो बजेटसँगै विभिन्न मन्त्रालयअन्तर्गत जोडिएका मन्त्रालयका विनियोजन शीर्षकहरू हेर्दाखेरि यो ४ ओटै ऊहरू कतै पनि मिलेको मेल खाएको सैद्धान्तिक हिसाबले, व्यवहारिक हिसाबले र नीति र कार्यक्रममा जसरी भनिएको थियो र बजेटका प्राथमिकता र सिद्धान्त र प्राथमिकतामा जसरी भनिएको चाहिँ थियो त्यो काहीँ पनि मेल खाँदैनन् र मैले आफ्ना कुराहरू राख्नु यसभन्दा पनि पहिले नीति कार्यक्रममा राख्दाखेरि र त्यतिखेर विनियोजन बजेटका सिद्धान्त र शीर्षक र नीति र कार्यक्रमको मेल नखाइसकेपछि वास्तवमा यो बजेट यो केवल हावाको पुलिन्दाबाहेक यो केही पनि हुने छैन ।

यो सरकार आफैमा यो चुनावी सरकार चाहिँ हो । यसले ठुलो चाहिँ करिब १७ खर्ब ९३ अर्ब ८३ करोडको बजेट नल्याएर केवल काम चलाउनका निम्ति मन्त्रालयगत स्थानीय तह, प्रदेशका केही बजेटहरू लैजाने र यसले विशेष गरी चुनाव केन्द्रित बजेट बनाएर गएको भए राम्रो हुन्थ्यो । किनभन्दा अब आउने यसपछि आउने सरकारको नेतृत्व कसको हुने सामान्यतया निर्वाचनको मिति घोषणा हुन यही वर्षमा कात्तिक र मङ्सिरसम्म हुन सक्छ भन्ने कुराहरू हामीले बुझिरहेका छौं, थाहा पाइरहेका छौं ।

सरकारले सायद त्यसको तयारी पनि गरेको छ । यस्तो बेला यति ठुलो बजेटको आकार जो न्यून अपुग हुने बजेट करिब ४ खर्ब ९८ अर्ब २६ करोड चाहिँ व्ययभार अझ थप पारेर यसरी यो बजेट लिएर आइयो । जसले गर्दा विनियोजन शीर्षकमा हेर्दाखेरि सरकार आफै कतै चुकेको हो कि यो साँच्चै हामीले भनेजस्तै हावाको मलजस्तै खडा गरेर केवल चुनावलाई आफ्नो पक्षमा पार्न सकिन्छ कि भनेर गठबन्धनलाई अझ सबल बनाउने, गठबन्धनलाई अझ चाहिँ बलियो बनाउने र भन्नुपर्दाखेरि नेकपा एमालेलाई कमजोर बनाउन सकिन्छ कि भनेर जुन हिसाबले बजेट ल्याइएको छ र यो बजेटका शीर्षक राखेका छन् ती काहीँ पनि मेल खाँदैनन् ।

र मैले यो नीति र कार्यक्रममाथि, नीति र कार्यक्रमको बुँदा नम्बर १५ मा के लेखेको छ भन्दाखेरि हामीलाई लागिरहेको थियो यो सरकारले हामीले जसरी भने पनि प्रतिपक्षी बेन्चबाट भन्दा यो comfortable सरकार, यो परमादेशी सरकार भने पनि यसले देश र जनताप्रति बफदार भएर साँच्चै देशप्रति माया गरेर अलिकति केही विगतमा बिग्रेको कुराहरूलाई सुधार्न सक्छ कि भन्ने खालको कुराहरू नीति र कार्यक्रममा आउँदाखेरि हामीले बुझेका चाहिँ थियौं । तर नीति र कार्यक्रममा के भनियो भन्दाखेरि माननीयज्यू सबैलाई थाहा छ । सङ्घीयता कार्यान्वयनका सन्दर्भमा ती हालसम्मको अभ्यास र अनुभव र पृष्ठपोषकका आधारमा राष्ट्रिय गौरवका आयोजनाहरूमात्र हामी लिने छौं । रूपान्तरणकारी योजनाहरू मात्र हामी लिने छौं । रणनीतिक महत्त्वका ठुला आयोजनाबाहेक अन्य सबै आयोजनाहरू प्रदेश र स्थानीय तहमा पठाइने छन् भन्ने कुरा गर्दाखेरि म पनि अब यो कुरा सुन्दाखेरि सरकार यसैअनुरूप जान्छ कि भन्ने लागेको थियो ।

त्यसै गरी यो नीति तथा कार्यक्रमका बुँदा नम्बर १७ माथि अर्को कुरा के हो भने हामी यहीँ अभ्यासमा जान चाहन्छौं । कसैको पनि माननीयज्यूको होस् या मन्त्रीज्यूको होस् या अरू कसैको होस् खल्तीबाट योजनाहरू हाल्न हुँदैन बस्तीभित्रबाट आएका योजनाहरूलाई समावेश गर्ने गरी योजनामा समावेश राख्नुपर्छ भन्ने कुरो हामी त्यो मान्यतामा दृढ छौं, अहिले पनि छौं, हिजो पनि थियौं र भोलि पनि हामी रहन्छौं । यो सरकारले पनि के लेखेको थियो भन्दाखेरि पूर्ववर्ती सरकराले भनेझैं यसले पनि के भन्यो भन्दाखेरि पूर्वतयारी नभएका र आयोजना बैङ्कमा प्रविष्ट भई राष्ट्रिय योजना आयोगबाट सिफारिस नभएका आयोजनाहरूलाई यो आउँदो आर्थिक वर्षको आयोजनामा समावेश गरिने छैन भन्दाखेरि हामीलाई पनि के लागेको थियो भन्दाखेरि वास्तवमा ती तयारीका

कुराहरू DPR हुन सक्छ यो आयोजना बैङ्कमाथि दर्ता नभएको हुन सक्छ र राष्ट्रिय योजना आयोगबाट समावेश नभएका आयोजनाहरू पनि सार्दा संलग्न देशमा भेदभाव हुन सक्छ । यसकारणले अहिले सरकार एउटा ट्र्याकमा जान खोज्यो कि के हो भन्ने कुरा लागिरहेको थियो । तर यो जब विनियोजन शीर्षकबाट हेरियो म यही कुरा भन्न चाहन्छु सरकारका मन्त्रीज्यूहरूलाई । तपाईंहरू मैले तपाईंहरूलाई कुनै अन्यथा त्यो हिसाबले भनेको होइन तपाईंहरूको व्यस्त समय चाहिँ हुन्छ मन्त्रीहरू, माननीयहरू र मन्त्रालयका कर्मचारीहरू अत्यन्तै व्यस्त हुनुहुन्छ त्यो हामीलाई थाहा छ । तर मन्त्रीज्यूहरूले आफ्नो मन्त्रालयभित्रबाट बजेट विनियोजन गरिरहँदा हेर्नुहुन्छ कि हुँदैन ? सरकारले अगि सारेको नीति र कार्यक्रमको विषयमा तपाईंहरूले ध्यान दिनुहुन्छ कि हुँदैन ? म सम्माननीय अध्यक्षज्यूमार्फत यो गम्भीर प्रश्न तपाईंहरूप्रति म लाउन चाहन्छु ।

र आयोजना बैङ्क कहाँ स्थापना गरियो यही सदनमार्फत तपाईंहरूले आयोजना बैङ्कहरू विभिन्न मन्त्रालयमाथि यो यो मन्त्रालयमा आयोजना बैङ्कहरू छन् भनेर तपाईंहरूले भन्नुपर्छ । यदि भनिएन भनेपछि देशप्रति तपाईंहरूले साँच्चै देशप्रति अन्याय गरेको हुनुहुन्छ । देशमा जनताबाट अनुमोदित भएर आएका जनप्रतिनिधिहरू तपाईंहरू अन्याय गरिराख्नुभएको छ भन्ने कुरो यसले पनि प्रष्ट चाहिँ हुन्छ । त्यसै गरी आउँदो आर्थिक वर्षमा समावेश गरेका सबै आयोजनाहरू राष्ट्रिय योजना आयोगबाट सिफारिसभित्र परेका हुन् कि होइनन् ? हामी राष्ट्रिय योजना आयोगको त्यो चलानी पत्रमाथि हेर्न चाहन्छौं । सबै मन्त्रालयमाथि गएर मैले योबिचमा धेरै मन्त्रालयमा पनि गएँ, सोधेँ र वास्तवमा राष्ट्रिय योजना आयोगबाट त्यस्ता खालका चिठीहरू पठाइएको छैन । राष्ट्रिय योजना आयोग अहिले छ या छैन सुतेको छ कि छैन ? कहाँ छ भन्ने कुरो थाहा छैन । प्रधानमन्त्रीज्यू अगि अगि राष्ट्रिय योजना आयोगको उपाध्यक्ष पछि पछि राष्ट्रिय योजना आयोगका सदस्यहरू पछि पछि उहाँहरू निकै अल्मलिनुभएको छ ।

१५ औं पञ्चवर्षीय आयोजना एकातिर छ हामी एकातिर गएका छौं । तर के भन्छु भने प्रतिपक्ष बेन्चका माननीयज्यूहरूलाई सायद तपाईंहरूलाई हामीले, हामीले टिपाएका योजनाहरू, हामीले सिफारिस गरेका योजनाहरू यस ढङ्गले नआउन भन्नका निम्ति जुन तपाईंहरू चोर बाटोबाट अथवा यो घुमाउरो बाटोबाट तपाईंहरू जो जानुभएको थियो भनेको तपाईंहरू आफै पनि सोच्नु चाहिँ पर्छ वास्तवमा तपाईंहरूको आफ्नो अयोग्यता प्रष्ट हुन्छ भने कुरा म यो चाहिँ सम्मानित अध्यक्षज्यूको यो चाहिँ राष्ट्रिय सभाको बैठकबाट म अध्यक्षज्यूमार्फत म प्रधानमन्त्री, राष्ट्रिय योजना आयोग, सम्बन्धित

मन्त्रालयका मन्त्रीहरू, सम्बन्धित मन्त्रालयका कर्मचारी साथीहरूलाई म भन्न चाहन्छु । तपाईंहरूले प्रष्टसँग भन्नुपर्छ अब । के राष्ट्रिय योजना आयोगबाट सिफारिस भएका थिए र यो आयोजना बैङ्कमा प्रविष्ट भएका चाहिँ थिएँ भन्ने कुरा तपाईंहरू टु दि प्वाइन्ट भन्नुभयो भने हाम्रा यी शब्दहरू हामी फिर्ता चाहिँ लिउँला तर जुन चाहिँ यो देशका सबै कुनाहरूमा जहाँ भए पनि जहाँ भए पनि आखिर विकास चाहिँ हुने हो । हामी विकासका पक्षपातिहरू कसले पायो कसले पाएन को माननीयको सिफारिसमा पऱ्यो को माननीयको सिफारिसमा परेन भन्ने कुरामा हामी नजरअन्दाज गर्दै गयौं । जहाँ परे पनि विकास चाहिँ हुने हो । नेकपा एमाले हिजो पनि सरकारमा थियो । भोलि पनि सरकारमा हुन्छ । पछि गएर निर्वाचन भयो भनेपछि पनि नेकपा एमाले सदैव सरकारमा रहन्छ भन्ने कुरो अहिलेको लोकप्रिय मतको आधारले पनि हामी अहिलेको सरकारले थाहा पाएको होला । यहाँको नागरिकले थाहा पाएका होलान् यहाँका प्रबुद्धवर्गले थाहा पाएका होलान् । यहाँको कर्मचारी साथीहरूले पनि थाहा पाउनुभएको होला । वास्तवमा नेकपा एमाले कमजोर छैन ।

हामी के चाहन्छौं भन्दाखेरि हामी सुशासन दिन चाहन्छौं । हामी विकासलाई अग्रगति दिन चाहन्छौं । हामी समृद्धि दिन चाहिँ चाहन्छौं । र समग्रमा ती समृद्ध नेपाल सुखी नेपालीको अभियानमा त्यो अभियानका अभियानताहरू हुन् नेकपा एमालेका हामी त्योसँग तपाईं हामी सबै पनि के हौं भन्दाखेरि देशको समृद्धि देख्नका निम्ति हामी सबै माननीयज्यूहरू त्यसका अभियन्ता चाहिँ हुँ । सुखी नेपाली देख्नका लागि त्यसका हामी अभियन्ता हुँ । तर आज यो सरकार समृद्ध नेपाल र सुखी नेपालीको नाममा ती नभएको कुराहरू लिएर आएर एकातिर नीति र कार्यक्रममा एउटा कुरा समावेश गर्ने र बजेट बनाउँदा बजेटका शीर्षकहरू हेर्दाखेरि एक ढङ्गले बनाउने कुरामा हेर्दा हामीले अचम्म लाग्छ सरकार वास्तवमा साँच्चै यो सरकार कोप्रति प्रतिबद्ध हो ? कोप्रति जवाफदेही हो ? यो comfortable सरकार त्यसै भनेको रहिनछ । वास्तवमा यो आफ्नो देशभरका जनता आफ्नो देशको भूगोल त्यो भूगोलले के माग गरेको छ भन्ने कुरो सरकारले ध्यान दिन सकेको छैन ।

र अर्को कुरा भन्न चाहन्छु । हामीले अर्थमन्त्रीज्यूको यो बजेट बन्नुभन्दा पूर्व बजेट विनियोजन विधेयकका सिद्धान्त र शीर्षकमाथि मिठा, गुलिया कुराहरू उहाँले राख्नु चाहिँ भयो । साधन र स्रोतको न्यायोचित वितरण गरिने छ । सामाजिक न्याय प्रत्याभूत हुने गरी बजेट निर्देशित हुने छ । ग्रामीण विकासलाई विशेष गरी जोड दिइने छ ।

मुलुकको आर्थिक उन्नतिको लागि ग्रामीण विकास अपरिहार्य रहेकोले कृषि, सडक र विद्युतीकरण, खानेपानी, स्वास्थ्यलगायत स्वास्थ्य तथा शिक्षालगायतका ग्रामीण विकासको स्तम्भको रूपमा विकास गरिने छ ग्रामीण क्षेत्रलाई । त्यसरी भन्नुभएको छ । आत्मनिर्भर अर्थतन्त्र बनाइने छ । स्वदेशी कच्चा पदार्थलाई स्वदेशी कच्चा पदार्थमा आधारित वस्तुहरूको उत्पादनमा वृद्धि गरी निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गरिने छ भन्ने कुरा सुन्दाखेरि निकै मिठा छन् यी । तर यसभित्र लुकेको खास कुराहरू के हो भन्ने कुरो जब बजेट चाहिँ आउँछ । जब बजेट आउँछ । जब विनियोजन शीर्षकहरू आउँछन् र बजेटमा आएका कुराहरू सुन्दाखेरि र हेर्दाखेरि यो कहीं पनि तालमेल खाँदैन । त्यसैले भन्न मन लाग्छ कि वास्तवमा हामी भन्ने एउटा गर्छौं काम एउटा गर्छौं यसैकारणले गर्दा होला माननीय अर्थमन्त्रीज्यूलाई सम्माननीय अध्यक्षमार्फत प्रश्न चिह्न सोध्न चाहन्छु । हिजो क्रान्तिका कुरा गर्नेहरू, हिजो यो देशलाई समृद्धका यात्रामा लिन्छौं भन्नेहरू साँच्चै हामी आज कहाँ पुगिरहेका छौं ? हिजो कुनै बेला नेकपा माओवादी भन्नेबित्तिकै देश हल्लिन्थ्यो । माओवादीका नेताहरू हेर्नका निम्ति सबै मान्छेहरू, सबै जनताहरू एउटा प्रतिक्षारत हुन्थे कि माओवादीका नेताहरूले परिवर्तनका निम्ति यति ठुलो आत्मदाह गर्नुभयो यति ठुलो कुर्वानी जो गर्नुभयो । तर आज म यही मञ्चबाट यी कुराहरू भनिरहनुपर्दाखेरि मलाई आफै चाहिँ दुःख लागिरहेको चाहिँ छ । हामी अहिले के हो भन्दाखेरि परिवर्तनको संवाहकको रूपमा रहेको हाम्रो नेकपा माओवादी पार्टी आज काँग्रेसको पछि लागेर ऊ उभिनै सक्दैन । काँग्रेस माओवादी नभएर उभिन सक्दैन । माओवादी पार्टी काँग्रेस नभएर उभिन सक्दैन । त्यसैसँग अरू पनि जोडिएका छन् । उभिनको निम्ति तपाईंहरूलाई के कुराले काम गरेको छ भन्दाखेरि तपाईं यस्तै गलत प्रवृत्ति, गलत क्रियाकलाप जनतासँग अविश्वास जुन गर्नुभएको छ त्यही कुरा तपाईंहरूलाई डगमगाएको छ । वास्तवमा तपाईंहरूको परीक्षण आउँदो चुनावले देखाउने छ भन्ने कुरा म राख्न चाहन्छु ।

अर्को कुरो अब यहाँ भन्नुपर्ने थुप्रै कुराहरू छन् । विनियोजन शीर्षकमाथि छलफल गरिरहँदा माननीयज्यूहरूले आफ्ना धेरै कुराहरू राखिसक्नुभएको छ । मैले पनि त्यो राख्ने क्रममा ती र यो विशेष गरी ऊर्जासँग सम्बन्धित कुराहरूलाई ऊर्जा विकाससँग, जलस्रोतसँग, सिँचाइसँग सम्बन्धित विषयलाई लिएर मैले आफ्नो खर्च कटौतीको प्रस्ताव पनि पेस गरेको छु र मैले एउटा कुरो चाहिँ हामी सबैले बजेटमा आएको कुरालाई हामीले सुन्नैपर्छ । हामी के भन्थ्यौं भन्दाखेरि नेपालको पानी नेपाल भन्ने देश ब्राजिलपछि

सेकेन्ड विद्युत्को स्रोत भएको नेपाल विश्वकै दोस्रो ठुलो राष्ट्र हो भने कुरा हामी चाहिँ भन्दा हामी गौरव चाहिँ गर्छौं । सबैभन्दा पहिलो राष्ट्र विद्युत् उत्पादनमा ब्राजिल । दोस्रो राष्ट्र भनेको नेपाल भनेर भन्थ्यौं र हामीलाई के लागिरहेको थियो भन्दाखेरि यो नारा फेरि पनि जोडिएर आयो नेपालको पानी जनताको लगानी । झट् हेर्दा निकै राम्रो चाहिँ लाग्यो । नेपालको पानी जनताको लगानी स्वाभाविक हो । जनताको लगानी, जनताको श्रमशक्ति, जनताको पुँजी सबै लगाएर र विदेशी मित्रराष्ट्रहरूसँग हामीले सहयोग मागेर नेपालको विद्युत्लाई आत्मनिर्भर मात्रै होइन नेपालको विद्युत्लाई बढी उत्पादन गरेर हामीले पूर्ववर्ती सरकारले ५ वर्षसम्म ५ हजार मेगावाट १० वर्षमा १५ हजार मेगावाट उत्पादन गरेर जो भारतबाट हामीले खरिद गरेका थियौं त्यो बिजुलीलाई प्रतिस्थापन गर्दै ग्याँसलगायतका एलपी, ग्याँसलगायतका अरू चिजहरूलाई पनि अब हामी स्वदेशमै आत्मनिर्भर भएर हामीले त्यहाँ आफ्नो देशको अर्थनीतिलाई, देशको आर्थिक अवस्थालाई सुदृढ बनाउने र समाजवादको यात्रामा हिँड्दै गर्दा त्यो पैसाले समाजवादी यात्रामा हिँड्दै गर्दा सहयोग पुग्छ भन्ने कुरो हामी सबैले विश्वास गरेको कुरा चाहिँ थियो । तर हामी आज के देखिरहेका छौं भन्दाखेरि नेपालको पानी भारतको लगानी । नेपालको पानी भारतको अनुमति यो के छ भन्दाखेरि मैले त्यसै भनेको छैन ।

नीति तथा कार्यक्रमको ७७ नम्बर बुँदामा के लेखिएको छ भन्दाखेरि वास्तवमा यो बुँदा पढ्ने हो भनेपछि अस्ति SPP भन्ने program मा चाहिँ जसरी हामीले कुरा उठाएका थियौं सरकारले फिर्ता लियो । त्यो फिर्ता लिएकोमा म धन्यवाद दिन चाहन्छु । हामी निरपेक्ष ढङ्गले सरकारले सबै जे गरे पनि हामी चाहिँ गलतै हो त्यस्तो भन्ने पक्षमा छैनौं । राम्रोलाई राम्रो भन्छौं नराम्रोलाई हामी नराम्रो चाहिँ भन्छौं । तर भारतको प्रबुद्ध कायम रहने गरी यो नीति र कार्यक्रममा ७७ नम्बर बुँदामा के लेखिएको छ भन्दाखेरि नेपाल र भारतद्वारा संयुक्त रूपमा जारी गरेको ऊर्जा विकास अवधारणा ऊर्जा विकाससम्बन्धी दीर्घकालीन अवधारणाबमोजिम विद्युत् उत्पादन, प्रसारण प्रणाली, विस्तार र दुईतर्फी विद्युत् व्यापार देशका दुवै देशका राष्ट्रिय प्रसारण लाइनको समन्वयात्मक उपयोग र संस्थागत सहयोगका क्षेत्रमा भएका औषत उपयोग गरिने छ भन्ने कुरो साँच्चै यसको शब्द शब्दमा हामी चाहिँ व्याख्या गरौं । शब्द शब्दमा हामी गरौं भनेपछि साँच्चै भन्नुहुन्छ भने मलाई लागिरहेको छ सम्माननीय अध्यक्षजीमार्फत गम्भीर ढङ्गले प्रश्न उठाउन चाहन्छु । वास्तवमा भारतले यही कुरा चाहिरहेको थियो । नेपालको जलस्रोतमा उसको सधैं चाहिँ आँखा लागिरहेको थियो कि नेपालको यो

हाइड्रोपावरलाई आफूसँग लिन सकियो भनेपछि भारतमा केही सहयोग पुग्छ कि भन्ने कुरो भारतले सोध्ने कुरा मित्र राष्ट्रलाई त्यसलाई अन्यथा मान्न सक्दिँन । तर यो चाहिँ प्रस्ताव गरिरहँदा राष्ट्रिय सहमति गरियो कि गरिएन अहिलेको सरकारलाई यस्तो खालको अवधारणापत्र सार्वजनिक गर्ने अधिकार राख्छ कि राख्दैन ? तपाईंहरूले यो संविधानको धारा २७९ को दफामा हेर्नुभयो भने यो पनि प्राकृतिक स्रोतसँग जोडिएको विषयहरू चाहिँ हो । यस्ता खालका छतमबिसे कुराहरू यस्ता खालका छतमबिसे शब्दहरू किन घुसाइन्छन् ।

हामीले भारतलाई MCC पास गरिसकेपछि यहाँको विद्युत् उत्पादन भइसकेपछि सबैभन्दा नजिकको बजार भनेको भारत नै हो नजिकको बजार भनेको बङ्गलादेशै हो । नजिकको बजार भनेको चीन चाहिँ हो । तर हामी आफ्नो बजारलाई सुरक्षित गर्नका निम्ति यो चाहिँ यो खालको अवधारणापत्र सार्वजनिक गर्नुभन्दा पूर्व राष्ट्रिय सहमतिको आवश्यकता पर्छ कि पर्दैन ? आजको सरकारले जे पनि गरे पनि हुन्छ ? आजको सरकारले जे भने पनि हुन्छ ? यसैले म देख्छु भन्दाखेरि नेपालको पानी जनताको लगानी होइन यो नेपालको पानी भारतको लगानी । नेपालको पानी भारतको अनुमति टाइपको हुने गरी यसमा घुसाइयो । अब यहाँका कुनै पनि स्रोतहरू कुनै पनि नदीनालाहरू भारतको सहमतिविना न उत्पादन गर्न सकिन्छ साना मझौला खालका विद्युत् उत्पादनबाहेकका ठुला आयोजनाहरू अब भारतको अनुमतिले मात्रै हामी चाहिँ आयोजना चाहिँ कार्यान्वयनमा ल्याउन सक्छौं ।

यसैसँग जोडिएको बुढीगण्डकी आयोजना जो २ सय (सम्माननीय अध्यक्षज्यू मलाई अलिकति समय मलाई पुगेन एक मिनेट मात्रै थप्दिए पनि ।) बुढीगण्डकी आयोजना १२ सय मेगावाटको जलविद्युत आयोजना त्यसको सबै DPR तयार भइसक्यो । सरकारले नीति र कार्यक्रममा के ल्याइदियो बजेटमा के ल्यायो भन्दाखेरि नेपाल सरकारको आफ्नै लगानीमा गर्छु भन्ने कुराहरू यो के हो भने भारतलाई दिनका निम्ति होल्ड गरिएको हो । जसरी पश्चिम सेतीलाई भारतमा दिइयो । त्यसै गरी यो बुढीगण्डकीलाई पनि भारतमा दिनका निम्ति होल्ड गरेको आयोजनाबाहेक अरू केही पनि होइन । त्यसैसँग जोडिएको मेरो जिल्लाको नलसिंगगाढ, नलगाड जलविद्युत आयोजना जो ४ सय १७ मेगावाट छ । जसको DPR तयार भइसक्यो । जसको मुआब्जाको कुरा हामीले सबै वितरण गरिसक्यौं । पूर्ववर्ती सरकार केपी ओलीको नेतृत्वको सरकारले करिब ३ अर्ब रुपियाँ जति दिएर त्यहाँको मुआब्जाको कुराहरू सबै सकिसक्यो । सडक

पूर्वाधार बनिसके । भवन बनिसके । केवल के थियो भन्दाखेरि अब त्यो आयोजनाको DPR को यो जुलाई यही साउन महिनामा DPR को project report चाहिँ हामीले प्राप्त गर्ने र यदि पूर्ववर्ती सरकार रहिदिएको भए अहिले कार्यान्वयन फिल्डमा ल्याउने कुराहरू रहेको थियो । तर फेरि पनि के हो भन्दाखेरि अस्ति पनि यही कुरा अध्यक्षज्यू अलिकति मैले भनिसक्या छु । यही कुरा म टुङ्गाएर म आफ्नो चाहिँ भनेर म टुङ्ग्याउँने छु । अस्ति पनि यही कुरा माननीय अर्थमन्त्रीजीलाई भनेको थिएँ । माननीय अर्थमन्त्रीको गृह जिल्ला भनेको रुकुम पश्चिम जिल्ला । म जाजरकोटको त्यो आयोजनाको बारेमा उहाँलाई धेरै कुरा थाहा छ । तर के हो भन्दाखेरि त्यो ४ सय १७ मेगावाटको आयोजना सञ्चालन गर्नका निम्ति हामीले डेलिकेसनमार्फत पनि भन्यौं तर त्यो आयोजनामाथि अहिले सञ्चालन गर्नको निम्ति कुनै पैसा राखिएको छैन । केवल राखिएको छ भन्दाखेरि त्यो सडक खन्नका निम्ति ६० करोड २०/३० करोड कति भुक्तानी दिनुपर्ने होला । त्यसमा कर्मचारीको तलब भत्ता होला त्यसबाहेकको अरू चाहिँ छैन । जहाँसम्म स्रोत चाहिँ खोजी गर्छु भन्नुभा'छ । जाइका भन्ने एउटा जापनको संस्थाले 0.01 percent मा यो नलसिंगाढ प्रोजेक्ट हामी बनाउँछौं भन्ने कुरा चिठी लेखेको छ । तर पनि माननीय अर्थमन्त्रीज्यू म सम्माननीय अध्यक्षमार्फत भन्न चाहन्छु । सम्माननीय अध्यक्षमार्फत प्रधानमन्त्रीलाई भन्न म चाहन्छु । तपाईंहरू यस्तोमा हेर्नु हुन्छ कि हुँदैन ......(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब आजका लागि निर्धारित मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूको नाम दलीय आधारमा प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु ।

माननीय अनिता देवकोटा । समय ८ मिनेट । यसपछि माननीय विना पोखरेल ।

**<u>माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, विनियोजित बजेटका विषयमा हामी सदनमा छलफलमा जुटेका छौं । योभन्दा अगाडिको विनियोजित बजेटहरू प्रतिनिधि सभा विघटन भएको कारणले हामी संसदमा छलफल गर्न

सकेनौं । तर अहिले हामी संसदका माध्यमबाट विनियोजित बजेटहरू विभिन्न मन्त्रालयअन्तर्गतका विनियोजित बजेटहरूमा छलफलमा जुटेका छौं । आर्थिक अवस्था अत्यन्त तरल छ । हाम्रो कोभिडको कारण र राजनीतिक अस्थिरताका कारण आर्थिक अवस्था कमजोर भइरहेको बेला हाम्रा आवश्यकताहरू धेरै छन् । आवश्यकताहरूलाई अब साँच्चै यो बजेट हाम्रा आवश्यकताहरू धेरै हुँदा पनि सीमित स्रोत र साधनका कारण नागरिकको सरोकारको विषय कसरी बनाउन सकिन्छ ? यो बजेट त्यतातिर केन्द्रित हुनुपर्छ भन्ने मलाई लागेको छ । आवश्यकताहरू धेरै हुँदा हुँदै गर्दा पनि प्राथमिकताका आधारमा बजेट विनियोजन हुनुपर्छ भन्ने मैले आफ्नो कुरा राख्न चाहन्छु ।

अर्थ मन्त्रालयलाई म निवेदन गर्न चाहन्छु । अहिले सङ्घ, प्रदेश र स्थानीय तह तीन तहको सरकार छ । हामी कनिका छराइले बजेट विनियोजन गर्‍यौं भने स्थानीय तहको अधिकार हनन हुन्छ । बजेट सदुपयोग हुँदैन । त्यतातर्फ हाम्रो ध्यान जान जरुरी छ । अहिले बजेट बन्दै गर्दा अहिले पनि कनिका छराइको अवस्थामा बजेट विनियोजन भएको पाइयो । म निवेदन गर्न चाहन्छु हार्दिकताका साथ । जहाँ मन्त्री हुनुहुन्छ त्यहाँ बजेट यो कनिका छराइ गर्नुपर्ने बाध्यता हो कि अथवा के हो ? नीतिगत रूपमा कम से कम हामीले पद्धतिको विकास गर्न सक्यौं भने सानो सानो रकमहरू स्थानीय तहले गर्छ । ठुलो रकमहरू सङ्घले गर्ने कुराहरू हामीले व्यवस्थित गर्न सक्यौं भने हाम्रा पद्धतिहरू निर्माण भएर जान्छन् । हामीले गर्ने कामहरू राम्रो भएर जान्छ भनेर म निवेदन गर्न चाहन्छु ।

त्यसै गरी भूमि व्यवस्था तथा सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई म आग्रह गर्न चाहन्छु । क्रान्तिकारी देखिनको लागि अहिले गुठी मास्ने एउटा अभियान चलेको छ । गुठी हाम्रो धर्म, संस्कृतिलाई संरक्षण गर्ने हो । हामी वैकल्पिक स्रोतको व्यवस्था नगरेर हाम्रा धर्म, संस्कृतिहरू सञ्चालन गर्ने वैकल्पिक स्रोतको व्यवस्था नगरेर हामी गुठीको जग्गा मात्रै मास्ने प्रवृत्तिले हाम्रा धर्म संस्कृतिहरू रहन सक्दैनन् । त्यतातर्फ यो भूमि व्यवस्था मन्त्रालयको ध्यान जान जरुरी छ ।

र अर्कोतर्फ म के निवेदन गर्न चाहन्छु भने भूमिको सरकारले वर्गीकरुण नगर्ने, वर्गीकरण नगरेको जग्गाहरू धितो राख्न पाइँदैन है भनेर निर्णय गरिदिने । यो प्रचलनले जनतालाई सास्ती दिएको हुन्छ । आफूले जग्गा वर्गीकरण नगर्ने अनि वर्गीकरण गरेको जग्गाहरू धितो राख्न पाइँदैन भन्ने विदेश जान पाउने, जान लागेका विद्यार्थीहरू अथवा

युवाहरूलाई अलपत्र पार्ने । यसले यो राम्रो म्यासेज जाँदैन । त्यसैले म सरकारसँग निवेदन गर्न चाहन्छु छिटोभन्दा छिटो जग्गाको वर्गीकरण भूउपयोग नीति अवलम्बन गरेर सरकारले जग्गाको वर्गीकरण गर्नुपर्यो । कहाँ खेतीयोग्य छ ? कहाँ फलफूलको लागि योग्य छ ? भन्ने कुरा सरकारले वर्गीकरण गर्नुपर्यो । त्यसपछि बल्ल वर्गीकरण गरेका जग्गाहरू धितोमा राख्ने कि नराख्ने भन्ने आफूले गर्दै नगर्ने अनि राख्न हुँदैन भनेर भन्दा यो जनतालाई सास्ती दिएको हो भन्ने मलाई लाग्छ ।

त्यसै गरी म सङ्घीय मामिलातर्फ जान चाहन्छु । सङ्घीय मामिला मन्त्रालयलाई म सोध्न चाहन्छु । योभन्दा अगाडि विघटित राष्ट्रिय पुनर्निमाण प्राधिकरणले ९९ सयओटा घर, बस्तीहरू एकीकृत बस्ती विकासको रूपमा निर्माण गर्नको लागि स्थानीय तहलाई जिम्मा दिएको थियो । त्यो अझै पनि लागु भएन । यसबारेमा मन्त्रालयले के गरिरहेको छ ? यसबारेमा पनि म जान्न चाहन्छु ।

त्यसै गरी भर्खर स्थानीय तहको निर्वाचन भएर आएको छ । ७५३ नयाँ स्थानीय तह निर्वाचन भएका छन् । त्यहाँ जनशक्तिको आवश्यकता परेको छ । निजामती कर्मचारी सेवा ऐन, त्यो पास नगर्दा, त्यो ऐन नल्याउँदा कर्मचारीहरूको अभाव त्यहाँ रहन्छ । हामी संसद चलिरहेको बेला यस्ता महत्त्वपूर्ण दुरगामी असर पार्ने ऐनहरू ल्याउँदैनौं । पछि अध्यादेशका माध्मबाट ल्यायौं भने यसको प्रभाव राम्रो रहँदैन । त्यसैले म सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्यूलाई आग्रह गर्न चाहन्छु । छिटोभन्दा छिटो यो अत्यन्त दुरगामी प्रभाव पार्ने यस्ता ऐनहरू संसदका माध्यमबाट ल्याउनको लागि म हार्दिक अनुरोध गर्न चाहन्छु ।

त्यसै गरी ऊर्जा मन्त्रालयलाई म निवेदन गर्न चाहन्छु । 'नेपालको पानी जनताको लगानी' अत्यन्त सुन्दर नारा छ । हामी २ वर्षभित्रै सबै नागरिकहरूलाई विद्युत् सुविधा उपलब्ध गराउने भनेर भनेका छौं । भारतले अनाधिकृत रूपमा बाँधहरू निर्माण गरेको छ । अग्ला अग्ला सडकहरूको कारणले अझ पनि तराईका जमिनहरू बाढीको जोखिममा पर्ने र डुबानमा पर्ने सम्भावना छ । त्यसैले यो अवस्थामा यो ऊर्जा मन्त्रालयले भारतसँग कूटनीतिक पहलको लागि सरकारले के गरेको छ ? कूटनीतिक पहलका माध्यमबाट त्यो पानी निकास हुने व्यवस्थाहरू हुनुपर्यो भनेर म निवेदन गर्न चाहन्छु ।

त्यसै गरी पेट्रोलियम पदार्थको अभाव कम गर्न 'एलपी ग्याँस छोडौं विद्युत् जोडौं' भन्ने नारा अत्यन्त सुन्दर छ । यो नारा दिँदै गर्दाखेरि हामी विद्युत् आपूर्तिलाई नियमित कति गर्न सक्छौं ? त्यतातर्फ ध्यान जान जरुरी छ । भौतिक पूर्वाधारहरू अझ पनि छैनन् । हामी अझ पनि जिल्लाहरूमा नियमित रूपमा विद्युत् आपूर्ति हुन नसकिरहेको अवस्थामा हामी नारामा मात्रै एलपी ग्याँस छोडौं विद्युत् जोडौं भन्यौं भने यो फेरि सार्थक हुन सक्दैन । त्यसैले त्यतातर्फ सरकारले ऊर्जा मन्त्रालयले के गरिरहेको छ ? म ध्यानाकर्षण गराउन चाहन्छु ।

त्यसै गरी नवीकरणीय ऊर्जाको लागि योभन्दा अगाडि दुई वर्षजस्तो लाग्छ मलाई । यो वायु ऊर्जा जसलाई जुन मुस्ताङ, धादिङ, रामेछापमा वायु बेगसँग बहन्छ । त्यो ऊर्जा नवीकरण ऊर्जाको बारेमा पनि सम्भावित अध्ययन गर्ने भनेर भनेको थिएँ । त्यो अध्ययन कहाँ पुगेको छ ? म मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु । त्यसै गरी म यो ऊर्जाका क्षेत्रमा उत्पादकत्व वृद्धि गर्ने सिँचाइ नभएर उत्पादकत्व वृद्धि गर्दैन । आयातलाई हामी घटाउनको लागि पनि उत्पादकत्व वृद्धि गर्नुपर्ने हुन्छ । सिँचाइका कुराहरूलाई जबसम्म हामी सिँचाइलाई जोड्न सक्तैनौं तबसम्म हुन सक्तैन । म ऊर्जा मन्त्रालयलाई अत्यन्त हार्दिकता साथ म निवेदन गर्न चाहन्छु । यतातर्फ पनि ध्यान दिन म निवेदन गर्न चाहन्छु ।

(अध्यक्षज्यू, अलिकति मलाई टाइम एक मिनेट सकियो भने पनि बढाइदिनपर्ला । म अब सिधै उसमा गइहालें ।) गृह मन्त्रालयलाई म आग्रह गर्न चाहन्छु । विपत् व्यवस्थापनको लागि विपत् बाजा बजाएर आउँदैन भन्ने कुराहरू थियो । तर अहिले विपत् बाजा बजाएर आउन लागिसक्यो । १७ लाख मानिसहरू अब मनसुन भयो भने विस्थापित, प्रभावित हुन्छन् भनेर मौसम विज्ञहरूले भनेको छ । यसबारेमा विपत् व्यवस्थापन गर्नको लागि के के कुराहरू भएका छन् भनेर म निवेदन गर्न चाहन्छु । त्यसै गरी शान्ति सुरक्षाका सम्बन्धमा अहिले पनि महिला हिंसाहरू बढेको बढै छन् । निर्मला हत्यापछिको त्यो अनुसन्धान कहाँसम्म पुग्यो ? म गृह मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु ।

त्यस्तै गरी कैलाली कारागारको पुनर्निर्माणका कुराहरू छन् । र नागरिकता विधेयक, यो संविधानमा आमाको नामबाट नागरिकता दिने कुराहरू अत्यन्त महत्त्वपूर्ण हो यो पेचिलो पनि छ । यो नागरिकता विधेयक छिटोभन्दा छिटो सदनबाट यो नागरिकता

विधेयकलाई टुङ्ग्याउनुपर्छ र छिटोभन्दा छिटो यही सदनमा यही अधिवेशनमा यो विधेयक आउनुपर्छ र गृह मन्त्रीज्यूले पनि यसबारेमा विभिन्न छलफलहरू चलाइरहेको सुन्नमा आएको छ । त परिणामुखी हुनपर्यो भन्ने आफ्ना धारणाहरू राख्दै बिदा हुन्छु, धन्यवाद । जय नेपाल ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय विना पोखरेल । समय ७ मिनेट । यसपछि माननीय सिंग बहादुर विश्वकर्मा ।

**<u>माननीय श्री विना पोखरेल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- अध्यक्ष महोदय, म अलिकति एउटा उखान भन्ने कि खोइ के भन्ने ? खाँडो जगाउनतिर लागें, खाँडो । भत्खरुहरू तयार छन् । अ अनि सबै जन्तीहरू तयार ! भनेजस्तै मैले ४ वर्ष मैले यो किन भन्न गइरहें भने ४ वर्ष मेरो यसरी बित्यो । मन्त्रीज्यूहरू सधैं विकास निर्माणमा । अब यो परिपाटिलाई अन्त्य गर्नुपर्छ भन्नेतिर लाग्नुभ'छ कि क्या हो । यो बर्खाको समयमा अब विकास निर्माण गर्नुहुँदैन भन्नेतिर लाग्नुभ'छ र अहिले अलि यसो उसमा देखिनुभा'छ, मन्त्रीज्यूहरूलाई धेरै स्वागत छ । र कर्मचारीज्यूहरू पनि तयार हुनुहुँदो रहेछ, ठिक छ । ननिदाइदिनुहोला ।

म अलिकति अध्यक्ष महोदय, विषयतर्फतिर गएँ । अध्यक्ष महोदय, हामी माननीय अर्थमन्त्री जनार्दन शर्माज्यूले जेठ १५ गते सदनमा पेस गर्नुभएको आर्थिक वर्ष २०७९ र ८० को बजेटको विषयगत वा मन्त्रालयगत छलफलमा छौं । आजको छलफलमा राखिएका विषयगत वा मन्त्रालयगत छलफललाई ७ मिनेटको समयभित्र विषयगत रूपमा एक, एक बुँदा राख्न पनि कठिन हुन्छ । यो हाम्रो परम्परा कहिलेसम्म कायम रहने हो ? न हामीले बोलेको आधारमा बजेट सम्बोधन हुन्छ न लागेका कुरा सबै बोल्न नि पाइन्छ । अध्यक्ष महोदय, जे भए पनि समग्रमा बजेटले आफूलाई नयाँपनमा ढाल्न खोजेको छ । अर्थतन्त्रलाई नयाँ दिशा दिने सङ्कल्प गरेको छ । र केही आशा जगाएको पनि छ । तर कार्यान्वयनको पक्ष त्यति सहज होला जस्तो मलाई लाग्दैन । मैले पहिला पनि भनेको थिएँ, पुनः दोहोर्‍याएर भन्छु । बजेटले समातेको दिशाले लय पक्डियोस् र बनेको योजनाहरू कार्यान्वयनमा जाउन् ।

अध्यक्ष महोदय, भौगोलिक हिसाबले बजेटले क्षेत्रगत सन्तुलनमा ध्यान दिन नसकेको र अपेक्षा गरेअनुरूप पूर्वका योजनाहरू नसमेटिएको चर्चा पनि चलेका छन् । तमोर-चिसाङ डाइभर्सन फेरि अध्ययनमा मात्र सीमित रह्यो । विराटनगर एयरपोर्ट क्षेत्रीय एयरपोर्टको रूपमा विस्तार गर्ने योजना बजेटको प्राथमिकतामा परेन । विराटनगर चक्रपथको योजना रेखाङ्कनमै सीमित छ । लोन्द्रा चिसाङ जस्ता खोलाहरू बजेट वक्तव्यमा आएन । कतै सच्याउन, सुधार्न सकिने ठाउँ भए म अर्थमन्त्रीज्यूको ध्यान यता पनि आकर्षित गर्न चाहन्छु ।

अध्यक्ष महोदय, अब म अरू मन्त्रालय छाडेर भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग मात्र सम्बन्धित भई एक, दुई कुरा राख्न चाहन्छु । भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्रालयका लागि बजेट, बजेटमा ७ अर्ब ४ करोड रकम छुट्याइएको छ । वैज्ञानिक भूमि सुधार योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, राज्य सुविधा परिचयपत्र वितरण गर्ने, जग्गाको नाप नक्सा गर्ने, कृषिमा आधारित उत्पादनमूलक उद्योग खोल्ने, सहकारीलाई व्यापक बनाउनेलगायतका धेरै कार्यक्रमहरू यो मन्त्रालयअन्तर्गत देखिन्छन् । ३ सय स्थानीय तहका ५ लाख परिवारलाई जग्गाधनी प्रमाणपुर्जा दिने कार्यक्रम पनि बजेटमा आएको छ ।

अध्यक्ष महोदय, मलाई लाग्छ गरिबी निवारण गर्नको लागि पर्याप्त मात्रामा रोजगारको अवसर सृजना गरिनुपर्दछ । नेपालको रोजगार बजारमा वार्षिक १६ देखि २० लाखसम्म रोजगार खोज्ने मानिसहरू थपिन्छन् । यो चाहिँ अलि कर्मचारीले अलि लेखिदिनुपर्यो । हरेक दिन १२ देखि १५ सयसम्म मानिस विदेशिरहेका छन् । राष्ट्र निर्माणको मूल श्रमशक्ति युवाहरू हुन् । उनीहरूलाई रोजगारी दिएर स्वदेशमा नै राख्न सक्ने वातावरण नबनुञ्जेलसम्म गरिबी निवारण दूर भविष्यको विषय मात्र बन्न पुग्दछ । नेपालमा रहेका २८ प्रतिशत गरिब जनताको जीवनस्तर नउठाई गरिबी निवारण हुन सक्दैन । गरिबी निवारण मन्त्रालय आफैमा गरिब भयो भने कसरी गरिबी निवारण होला त ?

भूमि व्यवस्था, सहकारी तथा गरिबी मन्त्रालयको ७ अर्ब ४ करोड र श्रम तथा रोजगार मन्त्रालयको ९ अर्ब १३ करोडको बजेटले कसरी धान्दछ ? जुन बजेटको ठुलो हिस्सा चालु खर्चमा जान्छ । त्यसैले म यो विषयमा माननीय अर्थमन्त्रीज्यूको ध्यान आकर्षण गराउन चाहन्छु । मलाई लाग्दछ । अध्यक्ष महोदय, बजेटको आकार र अङ्क

सानो बनाउनुपर्ने हाम्रो बाध्यता होला । सबै मन्त्रालयअन्तर्गत जे जति कार्यक्रम बनेका छन् । र बजेट विनियोजन भएको छ, प्रभावकारी ढङ्गले समयमै कार्यान्वयन हौउन् । जेठ, असार महिनामा सबै पैसा छर्ने र बजेट सक्ने परम्पराको अन्त्य होस् । बजेट कार्यान्वयनको अनुगमन राम्रोसँग हुन सकोस् । फेरि दोहो-याएँ । बजेट कार्यान्वयनको अनुगमन राम्रोसँग हुन सकोस् । फेरि पनि दोहो-याएँ । बजेट कार्यान्वयनको अनुगमन राम्रोसँग हुन सकोस् । र कतिपय मन्त्रालयले अनावश्यक रूपमा अनुउत्पादक क्षेत्रमा खर्च गर्ने परिपाटिको अन्त्य होस् । हवस् त, धन्यवाद ।

**पीठासीन**: माननीय श्री जयन्ती देवी राई ।

**सम्माननीय अध्यक्ष**:- माननीय सिंग बहादुर विश्वकर्मा । समय ८ मिनेट । यसपछाडि माननीय शेखर कुमार सिंह ।

**माननीय श्री सिंग बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, यस गरिमामय सदनमा विनियोजन विधेयक २०७९/८० को विभिन्न शीर्षकमाथि हुने सैद्धान्तिक छलफलअन्तर्गतको मैले धेरै मन्त्रालय नलिइकन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको कार्यक्रम सम्बन्धमा आफ्नो धारणा राख्ने अनुमति चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, भूमि राज्यको सम्पत्ति हो । भूमिको उचित व्यवस्थापन गर्नु राज्यको दायित्व हो । भूमिको उपभोग आधारमा राज्यको भूमि नीति निर्धारण गर्दछ । भूमिको स्वरूप जनताहरूको व्यवहारसँग गाँसिएका छन् । विशेष गरी कृषि र आवास क्षेत्रका जमिन जनताको प्रत्यक्ष प्रयोगसँग जोडिएका छन् । अहिले पनि कृषि उत्पादन र आवासीय जनमुखी भूमिहीन किसान, दलित, हलिया, कमैया, जग्गा जमिन र घरविहीन जनताको सामना स्वामित्व कायम हुन सकेको छैन । यो वर्षको बजेटको यी विषयलाई कार्यान्वयनमा ल्याउन सहयोग पु-याउने छ भन्ने विश्वास लिएको छु । यो वर्ष भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको बजेट रु. ६ अरब ४ करोड विनियोजन भएको पाइन्छ जसअन्तर्गत केही महत्त्वपूर्ण लक्ष्यहरूसहितको कार्यक्रमहरू उल्लेख भएको पाइन्छ । जस्तै- वैज्ञानिक भूमि सुधार आयोजना तर्जुमा गरी कार्यान्वयन गर्ने, प्रदेश र स्थानीय तहमा भूउपयोग योजना तर्जुमा गर्ने, आवश्यक प्राविधिक सहयोग

गराइने, भूमिहीन दलित, सकुमबासी एवम् अव्यवस्थित बसोबासीहरूको व्यवस्थापन गर्ने कार्यलाई राष्ट्रिय भूमि आयोगमार्फत प्राथमिकतासाथ अगि बढाइने, जग्गाधनी प्रमाणपुर्जा वितरण र कार्यलाई निरन्तर दिई थप ३ सय स्थानीय तहका ५ लाख परिवारलाई जग्गाधनी प्रमाणपत्र वितरण गर्ने, सरकारी, सार्वजनिक, समुदाय र गुठी जग्गाको संरक्षण र व्यवस्थापनको लागि नक्सासहितको विस्तृत डिजिटल अभिलेख तयार गरी सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरिने । आगामी आर्थिक वर्षमा १ सय २६ नापी कार्यालयहरू भूसूचना प्रविधिमा आधारित अनलाइन सेवा प्रवाह प्रणाली कार्यान्वयनमा ल्याइने । नापजाँच गर्न छुट भएका गाउँ र जग्गा दर्ता हुन छुट भएको व्यवस्थितलगायत जग्गाको नापजाँच तथा दर्ता गरी दशकौँदेखि भूमि स्वामित्वबाट वञ्चित भएका व्यक्तिहरूलाई जग्गाधनी दर्ता लालपुर्जा प्रमाणपत्र उपलब्ध गराइने, घर जग्गा कारोबारलाई व्यवस्थित र पारदर्शी बनाउने अधिकारिक निकायबाट अनुमति प्राप्त व्यक्ति र कम्पनीले मात्र घर जग्गा कारोबार गर्न पाउने आवश्यक प्रबन्ध आगामी आर्थिक वर्षदेखि महानगरपालिका र उपनगरपालिकाको सो व्यवस्था कार्यान्वयन गर्ने, विक्रम संवत् २०४९ सालअगि सञ्चालनमा रहेका साझा संस्थाहरूको सम्पत्ति र दायित्व यकिन गरी संस्थाहरूबाट ऋण लिएका किसानहरूको ऋण मिनाहा गरी धितो रहेका जग्गाको रोक्का फुकुवा जस्ता महत्त्वपूर्ण कार्यहरू समेटिएको पाइएको छ ।

सम्माननीय अध्यक्षज्यू; भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको यस वर्षको कार्यक्रममा नापजाँच गर्न छुट भएका गाउँ, ब्लक जग्गा र दर्ता हुन छुट भएका स्वबासी बेनिसालगायत जग्गाको नापजाँच तथा दर्ता गरी दशकौँदेखि स्वामित्वबाट वञ्चित रहेका घरपरिवारलाई जग्गाधनी दर्ता प्रमाण पुर्जा उपलब्ध गराउने कार्यक्रम उल्लेख गर्दै गर्दा यति बेला म सिन्धुपाल्चोक जिल्लाको लिसङ्खु पाखार गाउँपालिका वडा नम्बर ४ साविकको अत्तर्को गाविस वडा नम्बर ८ का झन्डै ९८ स्थानीय घरपरिवारले वि.सं. २०२० सालदेखि २०२६ सालसम्म भूमि तिरो तिर्दै जग्गा जमिन भोगचलन गर्दै आइरहेका थिए । त्यति बेला स्थानीय संरचना फेरबदलसँगै जग्गाको नापजाँच छुट्न गई लालपुर्जा प्राप्त गर्न सकेका छैनन् । किसानहरूले भोगचलन गर्दै आइरहेको जग्गा त्यतिबेला मालपोत कार्यालयले उक्त जग्गाहरू बुट्यान नाममा दर्ता गरिदिएको हालसम्म पनि उहाँहरूले भोगचलन गर्दै आइरहेको जग्गाहरूको आफ्नो नाममा पुर्जा प्राप्त गर्न नसकिरहेको त्यो स्थानीय जनताहरूको गुनासो रहेको छ। छुटपुट जग्गा नापजाँचका लागि नेपाल सरकारको सचिवस्तरबाट मिति २०६९ साल फागुन ११

गतेको निर्णयअनुरूप आवश्यक प्रक्रियासहित छुटपुट जग्गा नापजाँच गर्ने निर्देशनअनुरूप जिल्ला भूमि सुधार तथा स्थानीय तहको वन कार्यालयको स्वामित्वमा लिई मालपोत कार्यालयबाट जग्गा नापजाँच गरी पुर्जा उपलब्ध गराउन भनी विभागले २०७४ साल चैत ८ गतेको निर्णय प्रष्ट उल्लेख गरेको छ । तर वन तथा वातावरण मन्त्रालय मातहतका कार्यालयहरूले उक्त निर्णयको बेवास्ता गरी स्वीकृत नदिंदा हालसम्म त्यहाँका स्थानीय बासिन्दाहरू, जनताहरूले आफ्नो नाममा पुर्जा प्राप्त गर्न सकेका छैनन् जस कारण त्यहाँका जनताले भूकम्प पीडित अनुदानको आवाससमेत निर्माण गर्न पाएका छैनन् । सरकारले नै आफूहरूले भूमिहीन बनाएको प्रति दुखित भएका छन् । यस विषयमा पटक पटक संसदको ध्यान आकर्षण गराउँदासमेत कुनै सुनुवाइ नभएको प्रति गम्भीर ध्यान आकर्षण गराउन चाहन्छु । सँगै वि.सं. २०४५ साल यता जग्गा जमिनको नापी नभएको र हाल भूकम्प बढी बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपले गर्दा जमिनको सीमाक्रम घटबढ भइरहेको छ भने कतिपय सरकारी जग्गा जमिन, वन, धार्मिक स्थल, जग्गाहरूसमेत अतिक्रमण भइरहेका छन् । सोको पुनः नापजाँचका लागि समेत राष्ट्रव्यापी रूपमा सम्बन्धित स्थानीय तहबाट नै नापजाँच हुने गरी सञ्चालन गर्नुपर्ने भनाइसहित यस मन्त्रालयको कार्यक्रमको सफल कार्यान्वयनको शुभकामनासहित मेरो आफ्नो भनाइ यहीँ अन्त्य गर्छु, धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय शेखर कुमार सिंह । समय ७ मिनेट । यसपछाडि माननीय मोहम्मद खालिद ।

<u>**माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल)**</u>:- सम्माननीय अध्यक्ष महोदय, विनियोजनमाथिको छलफलमा उपस्थिति हुँदा मन्त्रालय धेरै समय कम । ठिकै छ यसैमा मिलाएर त भन्नै पर्ला । सबै माननीय साथीहरूले यो बजेटले धेरै रूपबाट व्याख्या गरिसक्नुभा'छ । म त्यतातिर नगएर मेरो अगाडि पऱ्या मन्त्रालयहरूको विषयगत रूपमा म अलिकति भन्न चाहन्छु ।

सुरुमै भूमि सुधार मन्त्रालय परेको नाताले र भूमि सुधार मन्त्रीजी यही रहनुभएको नाताले मैले केही आग्रह गर्न चाहिराखेको छु अध्यक्षज्यूको मार्फतबाट । सम्माननीय अध्यक्षज्यू, नेपाल अधिराज्यभरि गुठी संस्थानमा रहेका सम्पत्तिहरू हालको अवस्थामा धेरै

अव्यवस्थित रूपबाट वितरण हुन थाल्या छ यसलाई यथाशीघ्र रोक्नलाई माननीय मन्त्रीज्यूको आग्रह गर्न चाहन्छु । जनकपुर त एउटा उदाहरण हो माननीय मन्त्रीज्यू । कतै पनि बाँकी रहेन । हाम्रो जिल्लामा पनि गुठी संस्थान व्यक्तिगत गुठी संस्थान नाममा धेरै सम्पत्ति थियो आज कहाँ पुग्या छ ? यसप्रति जिम्मेवारी त हजुरहरू नै रहनुपर्छ र भूमि सुधार मन्त्रालय नै हो । यसमा उहाँहरूले समुचित ध्यान दिनुहोला भन्ने म आग्रह गर्दछु ।

हाम्रो सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्यू हुनुहुन्छ । भन्नलाई स्थानीय सरकार, सिंहदरबारको अधिकार स्थानीय सरकारले मन्त्रीज्यू तपाईं आफ्नो पालोमा यो स्थानीय सरकारलाई आफ्नो गृहमा राखदिनुस् । म यति आग्रह गर्न चाहन्छु । सँगै निजामती क्षेत्रमा तपाईंले गरी पनि राखुभा'छ र हाम्रो ठाउँमा आएकालाई हामी पनि गऱ्या छौं । तर अहिले पनि राज्यले पनि बेफाइदा हुने होइन । यो ५८ र ६० को लडाइँ तपाईंले नि छुट्याइदिनु हुन्छ भन्ने आशा राख्या छु । यो ६० गर्दिंदाखेरि नेपाल सरकारलाई कुनै ठुलो हानी नोक्सानी हुने होइन बरु फाइदा नै हुन्छ । निजामती क्षेत्रमा स्थानीय तवरमा पनि अब प्रदेशले पनि आफ्नो निजामती ऐन बनाउने, सङ्घीयको आफ्नो निजामती त छँदै छ त्यो कहिले हो यो बाँडफाँट ? प्रदेश कहिले सुव्यवस्थित गर्ने ? हजुरहरूले कहिले गर्दिनुहुन्छ सङ्घीयताबाट ? यसको पनि एउटा छिनोफानो भएर समुचित टाइममा आइदिएदेखि राम्रो हुन्थ्यो कि ?

अब ऊर्जा तथा जलस्रोत मन्त्रालय के भनौं म आफै पीडित छु । high transmission line जहाँ कि जरुरतै छैन । एउटा पोल गएर त्यहाँ पनि ठड्याइदिया'छ मेरै व्यक्तिगत जमिनमा । कहाँ गुहार्न जाऊँ ? जहाँ भन्न जाँदाखेरि यो त क्याबिनेटको डिसिजनले हुन्छ हामी त्यो गर्न सक्दैनौं । उचित छ भने राखियोस् उचित छैन भने जलस्रोत मन्त्रालयले हाइलेबल टिम खटाएर पनि हेर्दियोस् । व्यक्तिको जग्गा पनि सम्पत्ति त सम्पत्ति हो नि ।

सँगसँगै जलस्रोत क्षेत्रमा जेठ लाग्नेबित्तिकै हाम्रो निद्रा हराम हुन्छ । हामी सुत्न सक्दैनौं रातीभरि । किन हामी कोसी तिरका मान्छे हौं । मेरो घरबाट कोसीको दुरी २ किलोमिटर पनि छैन, सम्माननीय अध्यक्षज्यू कोसीको बहाव सम्पूर्ण रूपमा पश्चिमतिर ढल्किसक्या, बगिसक्या छ । कोसीको भेलै पश्चिम तट्बन्धबाट सटेर गइराख्या'छ । निश्चित रूपमा भारत सरकार विहार सरकारले आफ्नो काम गर्दै होला तर के विहार

सरकार भारत सरकार गर्दैमा नेपाल सरकारको केही दायित्व आउँदैन ? कि केही दायित्वै छैन ? त्यहाँ हाइलेवल टिम पठाएर टाइम टाइममा मिटिङ गराएर अहिलेको अवस्था के छ पनि त्यो पनि हेर्न दिनुहोला । किनभने हामी कतिखेर छौं कतिखेर छैनौं भन्ने त्यसको निश्चितता छैन ।

कोसीको कटान कतै बाजा बजाएर आउँदैन । जहाँ हामी उभिराख्या छौं त्यसको पर गएर ५० मिटर एकैपल्ट सल्याप गर्छ त्यो । त्यस्तो खतरनाक कटान हुन्छ । त्यसमा सम्माननीय अध्यक्षज्यूमार्फत माननीय मन्त्रीज्यूलगायत सम्माननीय प्रधानमन्त्रीज्यूको पनि ध्यान आकर्षण होस् भन्ने म यो निवेदन गर्न चाहन्छु । किनभने मैले सबै खोलानालाको लागि भन्दै आएँ । सबै हाम्रै भागमा पर्‍या छ जस्तो लाग्छ । त्यसैकारणले जति सक्दो त्यो पनि भइदिए भए भने राम्रो हुन्थ्यो ।

माननीय गृहमन्त्रीज्यू हुनुहुन्छ गृहमन्त्रीज्यू सम्माननीयज्यूमार्फत हजुरबाट धेरै आस राख्या छ हाम्रो भूगोलका जनताहरूले । हजुरले यथाशीघ्र नागरिकता विधेयक पेस गरेर ल्याइदिनुहुन्छ कि भन्ने ठुलो आसा राख्या छु । यी आसा सँगसँगै यसै सदनबाट यो नागरिकता विधेयक पनि पास हुन्छ भन्ने हामी विश्वास पनि राख्या छौं र तपाईंको कार्यकालमा यो जस लागेर जान्छ भनेर हामी धन्यवाद पनि दिन पाऊँ हजुरलाई । यति पनि भन्न चाहन्छु । जुन रूपमा यो नागरिकता विधेयकमा एउटा विडम्बनापूर्ण रूपमा उठ्या'छ निश्चित रूपमा भारतीय चेलीहरू नेपालीसँग विवाह गर्न मान्दैन । (**सम्माननीय अध्यक्षः** समय सकियो माननीयज्यू ।) धन्यवाद । मेरो पनि कुरो सकियो ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय मोहमम्द खालिद । समय ८ मिनेट । यसपछाडि माननीय डा. विमला राई पौडयाल ।

**<u>माननीय श्री मोहमम्द खालिद (जनता समाजवादी पार्टी, नेपाल)</u>**ः- सम्माननीय अध्यक्षज्यू, विभिन्न समयमा यहाँका उत्पीडित, अपहेलित, तिरष्कृत, बहिष्कृत जनताले गर्दै आएको आन्दोलन, जनविद्रोहबाट जुन अधिकारको स्थापनाको कल्पना गर्यो । आंशिक रूपमा केही न केही त पायो । त्यसका लागि सबै राजनीतिक दलका नेता, पार्टी धन्यवादका पात्र छन् । तर अहिले पनि म के भन्न चाहन्छु भने कहीं न कहीं हामीलाई फिल हुन्छ कि सामन्तका अवशेष सायद हाम्रो मुटुमा अहिले पनि पलाइरहेको छ ।

आखिर कुन कारणले गर्दा मधेसका लाखौं जनता अहिले नागरिकताबाट आफूलाई वञ्चित राखिएको छ ? संसारमा कहीं पनि नहुने कुरो इभन जहानियाँ शासनलाई भने पञ्चायतकालमा नहुने कुरो अहिले भइरहेको छ । आमा र बुबाले पाइसकेको नागरिकता एउटा ठुलो आधार हुन्छ । संसारमा जहाँ पनि त्यो सन्तानले नागरिकता पाउँछ । तर मधेसमा, यो देशमा पाइरहेको छैन । वर्ण, नस्लको आधारमा, रङ्गको आधारमा यो देशमा आखिर कहिलेसम्म यो विभेद रहन्छ ?

आदरणीय सम्माननीय अध्यक्षज्यू, म भन्न चाहन्छु हामी एक्काइसौं शताब्दीमा मानव अधिकारका कुरा गर्छौं । हामी समाजवादउन्मुख राष्ट्र निर्माणका कुरा गर्छौं । welfare state का हामीले कुरा गरिरा' छौं । तर आजको अवस्थामा लाखौं जनता नागरिकताविहीन छन् । राष्ट्रिय परिचयपत्र बनाउन सक्दैनन् । राहदानी बनाउन सक्दैनन् । उच्च शिक्षाको लागि कहीं बाहिर जान सक्दैनन् । जागिर पाउँदैनन् । र आफ्नो श्रम खर्च गरेर केही सम्पत्ति बनाउँछ भन्ने स्वामित्वको अधिकारसम्म पाउँदैनन् । र त्यति मात्र होइन संविधानमा लेखेका मानव अधिकारका बुँदाहरू उहाँप्रति आकर्षित हुँदैनन् । कत्रो ठुलो विडम्बनाको कुरो हो यो ? के यो हास्यास्पद हैन ? के यो नेपालीको लागि कलङ्क होइन र ? आजको युगमा एक्काइसौं शताब्दीमा हामीले लाखौं जनतालाई खुल्ला जेलमा डिटेन्सन केभ जस्तो अवस्थामा हामीले राख्या छ भन्ने के यो अत्याचार होइन ? यो अत्याचार होइन भने न्याय के हुन्छ सम्माननीय अध्यक्षज्यू ? त्यसले गर्दा यहाँ आदरणीय हाम्रा गृहमन्त्रीज्यू हुनुहुन्छ । म तपाईंको मार्फत सरकारको ध्यान आकर्षण गराउन चाहन्छु । हामी कोलिसनको हामी, हामी गठबन्धनको एउटा पार्टनर भएको हैसियतले पनि के तिमीहरू गठबन्धमा गएर के गर्‍यौं ? हामीमाथि प्रश्न लाइरहेको छ । र यो प्रश्न जायज हो । त्यसको निराकरण जरुरी छ । अविलम्ब त्यसतर्फ ध्यान दिनै पर्छ । र यसै सत्रमा नागरिकता विधेयक पारित गराउनै पर्छ । यो हामी सबैको जिम्मेवारी हो ।

आदरणीय सम्माननीय अध्यक्षज्यू, यो अधिकारको कुरा गर्दा हामी खोक्ला नारा नदिऊँ । देशमा यदि एक कानुन छ, एउटा राज्य छ र एउटा राष्ट्रियता छ भने हामी भन्छ भने भावना पनि एक हुनुपर्ने । नागरिकलाई दुई दृष्टिले हेर्ने मापदण्ड यदि हामी राख्छौं भने धेरै दुर्घटनाहरूलाई निम्त्याउन सक्छ म भन्न सचेत गर्न चाहन्छु । किनभने अन्याय र असमानता र विभेदको कोखबाट कुन कुन नकारात्मक कुराको जनम् हुन्छ ? यो हामीभन्दा सायद यो विद्वानहरूलाई, नीति निर्माणको ठाउँमा बस्नेहरूलाई, ठुला

दलका नेताहरूलाई र नीति निर्माणको ठाउँमा बस्ने हाम्रा साथीहरूलाई राम्ररी थाहा छ होला ? त्यसले गर्दा यथाशीघ्र यो कुरामाथि ध्यान दिने मेरो विनम्र अनुरोध छ ।

अर्को कुरो, सिरहा जिल्लामा, सिरहा जिल्ला र धनुषा जिल्लालाई जोड्ने कमला पुल मेरो सौभाग्य दुइटै मन्त्री यहाँ हुनुहुन्छ, तीनओटै मन्त्री यहाँ हुनुहुन्छ । पुल युज नगरिकन भत्कियो र अहिले के अवस्था छ भने वैकल्पिक कुनै व्यवस्था छैन । यो असार, साउन, भदौ लाखौं जनता धनुषा र सिरहाका सम्पर्कविहीन भइहाल्छन् । हाम्रा गृहमन्त्री उहाँ सिरहासँग उहाँको विशेष रिलेसन छ । त्यसले गर्दा उहाँलाई राम्ररी थाहा होला । र म अनुरोध गर्छु कि यो तीन महिनाको लागि कम्तीमा पुल त बन्दैन । मलाई लाग्छ १० वर्ष हामी सपनामा हेरियो कि अब हामी पुलमा बसेर, पुललाई प्रयोग गर्छौं । तर यो सपना नै भयो । कम्तीमा वैकल्पिक व्यवस्था यो तीन महिनाको लागि हाम्रो मन्त्रीज्यूले गराइदिनुहुन्छ भन्ने म आशा राख्छु । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय डा. विमला राई पौडयाल । त्यसपछाडि माननीय गोपाल भट्टराई । विमला राई पौडयालको समय ७ मिनेट ।

<u>**माननीय डा. विमला राई पौडयाल (मनोनीत)**</u>:- सम्माननीय अध्यक्षज्यू, आज म अलिकति चाहिँ भूमि व्यवस्था, अर्थ र ऊर्जासँग सम्बन्धित भएर केही बुँदाहरू राख्न चाहन्छु । भूमि व्यवस्था र ऊर्जामा त धेरै मुलुकले आस गरेको मैले पनि असाध्यै आस गरेको महिला मन्त्रीहरू नै हुनुहुन्छ त्यो भएर आस लाग्ने मान्छेलाई नै गुनासो सुनाइन्छ म गुनासो पनि त्यसरी नै राख्न चाहन्छु ।

भूमिको मा मलाई चाहिँ के भन्न मन ला'छ भने यो गाउँ घरमा धेरै नै जमिन बाँझो रह्यो । अनि खेती गर्ने मान्छे काठमाडौं आएर बसे अथवा विदेश गए र खेती गर्न मन पराउने मान्छेसँग जग्गा छैन तिनीहरू चाहिँ गाउँमा छन् । त्यसले गर्दा बाँझो गएको जग्गा चाहिँ भूमिहीनहरूको हातमा परोस् भनेर करिब एक दशकदेखि नै कुरा उठेको हो । उठ्दा उठ्दा बल्ल बल्ल भूमि बैङ्कको कन्सेप्ट आएको थियो । त्योअनुसार चाहिँ केही विधि विधानहरू बनेका थिए । सिष्टम बन्न सुरु गरेको थियो । अब राम्रो कुरा त जुन सरकारले ल्याए पनि त्यसलाई कार्यान्वयन गर्दै अगाडि जाँदाखेरि राम्रो हुन्थ्यो । अब यसपालि ठ्याक्क भूमि बैङ्कको चाहिँ कन्सेप्टलाई अब त्यो डिसक्रेडिट

गर्न खोज्या हो कि क्रेडिट गर्न खोज्या हो मैले बुझ्या छैन । तर त्यसलाई स्वाटै हटाइदिएर फेरि लिजको कन्सेप्ट आएछ । म आफैलाई लिजको कन्सेप्टमा मलाई नराम्रो भन्नु छैन । जसले भूमिहीनले जसरी पनि जग्गा पाउन् र खेती गरुन् । खेती बाँझो नरहोस् । बाँझो जमिन नरहोस् भन्ने नै हो concern । तर ८/१० वर्ष कराउँदा कराउँदा बल्ल बल्ल भूमि बैङ्कको कन्सेप्ट सुरु भएर कार्यान्वयनमा जान थालेको । त्यसलाई ठ्याक्क छोडेर फेरि नयाँ अवधारणा introduce गर्दाखेरि चाहिँ फेरि हामी ८/१० वर्ष फेरि झुलिने भयौं कि भन्ने डर लागेको छ । त्यो भएर यो कसरी हुन्छ चाँडोभन्दा चाँडो यो बाँझो रहनसक्ने जमिनलाई पहिचान गरेर त्यसपछि जोसँग जमिन छैन तर खेती गर्न चाहन्छन् उनीहरूलाई दिने व्यवस्था चाहिँ फेरि अब यसपालि नयाँ अवधारणा आयो अर्कोपालि अर्को सरकार आएर नयाँ अवधारणा हुँदा हुँदै जानुभन्दा भइराखेको कामलाई Consolidated गरेर अगाडि बढियोस् त्यहाँबाट भनेर मैले अनुरोध गर्न चाहें ।

अब दोस्रो भूमिकै विषय छ । संविधानले दलितको लागि भूमिहीन दलितको लागि एक पटकलाई जमिन दिने भनेर ग्यारेन्टी गऱ्यो । त्योअनुसार हाम्रो देशमा भूमि ऐन संशोधन भयो २०२१ र २०२१ को धारा ५५ (क) ले ३ वर्षभित्र जमिन दिने भूमिहीन दलितलाई जमिन दिने ३ वर्षभित्र भन्यो । यो sunset clause पनि भन्छ क्यारे । sunset clause भनेको त जति समयमा दिन्छु भन्यो त्यो समयमा दिइसक्नपर्छ रे । यदि दिइएन भनेदेखि त्यो फेरि काम लाग्दैन । फेरि त्यसलाई के extent गर्नुपर्छ । हामीले त्यो गरेका छैनौं । न त्योसम्बन्धी आयोग बनेको छ । न गृहकार्य नै भएको छ । त्योसम्बन्धी त्यो पालिकाहरूमा भूमिहीन दलितहरू को हुन् उनीहरूलाई कहाँको जग्गा दिने, कसरी दिने त्योसम्बन्धी गृहकार्यसम्म भएको छैन । तीन वर्ष त अस्ति नै बितिसक्यो । त्यसले गर्दा म फेरि पनि मन्त्रीज्यूको ध्यान आकर्षण गराएँ सम्माननीय अध्यक्षज्यूमार्फत । यो प्रावधान दलितलाई जमिन दिने तीन वर्षभित्र भनेर ऐनले गरेको प्रावधानलाई कार्यान्वयन गर्नको लागि के विशेष योजना हामी ल्याउँदै छौं यसपालि त्यसमा चाहिँ मैले ध्यान आकर्षण गराउँदै छु ।

अब मेरो अलिकति ऊर्जासँग फेरि मैले अगि नै भने जसलाई विश्वास गरिन्छ उसैलाई गुनासो पोख्ने हो । दुइटा सवाल मैले उठाउन लागेको छु । एउटा चाहिँ अहिले भारतलाई हाम्रो बिजुली उत्पादन भएको बिजुली चाहिँ बेच्न थालेका छौं । यो प्रक्रिया अलिकति छिटो बढेको छ त्यसमा मलाई खुसी पनि लागेको छ । किनभने

ऊर्जा नै हो हामीले चाहिँ बेचेर वैदेशिक मुद्रा आर्जन गर्न एउटा दरिलो उपाय त्यतातिर हामी बढेका छौं । तर यो भारतको एउटा ऐनमा कता लेखिएको छ रे । हाम्रो भारतीय कम्पनीले बनाएको र भारतले सहयोग गरेको अथवा भारतको संलग्नता भएको चाहिँ power, generation बाट मात्रै हामी भारतले किन्छ । अरू कम्पनी अरू देशको लगानी भएको चाहिँ हाइड्रोपावरबाट बनेको बिजुली भारतले किन्दैन भन्ने खालको प्रावधान लेखेको छ रे । अब त्यो लेखेको त हामीले सुनिराखेका थियौं तर नेपालले त्यसमा हुन्छ भनेर सिक्नेचर पनि गरिसक्यो रे भन्ने सुनेका छौं । यसले गर्दाखेरि अलिकति सिन्डिकेट गर्न खोजेको हो कि भन्ने लागेको छ । त्यो के हो अब यो हल्ला हो कि साँच्चै हो कि साँच्चो कुरा चाहिँ के हो त्यो अर्थाइदिनुहुनको लागि मैले अनुरोध गर्दछु ।

दोस्रो चाहिँ संविधान बन्नेबित्तिकै जब भारतले नाकाबन्दी गऱ्यो । जब हामीले चाहिँ ग्याँस पाउन छोड्यौं, पेट्रोलियम पदार्थ पाउन छोड्यौं । त्यतिबेलैदेखि हो मैले म बिजुलो चुलो बाल्न थालेको । ग्याँसलाई replace गरेको । यसपालि पनि राम्रो नारासाथ आएको छ । ग्याँस हटाऊँ बिजुली चुलो जोडौं भनेर । त्यो नारामा म एकदम सहमत छु । तर यो सात वर्षको अवधिमा मैले पाँचओटा इन्डक्सन चुलो change गरिसकें । त्यसको कारण के छ भने हाम्रो voltage पनि regular छैन । कहिले ठुलो आउँछ कहिले सानो आउँछ संरचनामा । र अर्को चाहिँ म काठमाडौंमा बसेर यति धेरै दुःख बेहोरिराखेको छु यो देशको सबै ठाउँमा बिजुली पुगेको पनि छैन अनि बिजुली पुगेको ठाउँमा पनि लोडसेडिङ चर्को छ । अनि लोडसेडिङ नभाको बेलामा कहिले लामो ठुलो voltage आउँछ कहिले कम voltage आउँछ । त्यसले गर्दा हामीले जुन यो बाँड्छौं भनेर ३० अर्ब रुपियाँ खर्च गरेर ६ लाख घरधुरीलाई हामीले जुन बाँड्छौं भनेर जुन आएको छ नि अहिले बजेट । यो इन्डक्सन चुलो बाँड्ने भनेको कार्यक्रम यो कार्यक्रम साँच्चि नै दिगो छ त ? मैले ७ वर्षमा ५ ओटा इन्डक्सन चुलो फेरें अब यो अर्को वर्ष फेरि कति पर्छ कति खर्च गरेर हामीले फेरि नयाँ इन्डक्सन चुलो बाँड्ने हो ? यो दिगो छ ? मलाई योभन्दा बरु, योभन्दा बरु भौतिक संरचना विशेष गरिकन बिजुलीका संरचनामा बढी फोकस गर्न पाएको भए हुन्थ्यो । विद्युतीय चुलोलाई subsidies गर्न पाएको भए हुन्थ्यो र कम्तीमा यो विद्युत् नपुगेको ठाउँमा विद्युत पुऱ्याउन पाएको भए हुन्थ्यो । त्यतातिर बढी फोकस गर्नुपऱ्थ्यो कि ! यो चाहिँ अब ठ्याक्क हामी सबैलाई सबै घरधुरिलाई बिजुली चुलो बाँड्ने भनेर भन्ने तर बाँडेको अर्को वर्षमा त फेरि भत्किन्छ । फेरि दिनुपर्ने त्यो दिगो नभएका कार्यक्रमहरू राखुभन्दा यसलाई दिगो रूपमा जो जोले

चलाइराख्या छन् तिनीहरूलाई पनि वाक्क दिक्क लाग्ने गरिकन चाहिँ भइराखेको बेलामा तिनीहरूलाई सन्तोष दिनको लागि पनि केही कार्यक्रम राख्न पाएँ हुन्थ्यो जस्तो मलाई लाग्छ ।

अर्थ मन्त्रालय, स्वास्थ्य बिमा असाध्यै महत्त्वपूर्ण कार्यक्रम हो । स्वास्थ्य बिमामा रहेका participate भएका अस्पतालहरूले स्वास्थ्य बिमाको पैसा सरकारले तिरेन भनेर स्वास्थ्य बिमाबाट बाहिरिँदै छन् । असाध्यै डर लाग्दो कुरो । म अर्थ मन्त्रालयलाई अनुरोध गर्न चाहन्छु । स्वास्थ्य बिमाको लागि आवश्यक पैसा जति चाहिन्छ त्यति पैसा छुट्याइयोस् र यो हस्पिटलहरूलाई provide गरियोस् भनेर मैले अर्थ मन्त्रालयलाई एकदमै धेरै ध्यान आकर्षण गराउँदै छु र यो मेरो माग पनि हो । समय सकियो धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय गोपाल भट्टराई । समय १० मिनेट । यसपछाडि माननीय महेश कुमार महरा ।

**माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्षज्यू, अहिले हामी बजेटको विनियोजन शीर्षकमाथिको छलफलमा छौँ । अहिले केही मिनेटमा सबै मन्त्रालयअन्तर्गतका सम्बन्धित विषयमा छलफल गर्न सकिने कुरै भएन । हामीले धेरै सांसदहरूले विभिन्न शीर्षकहरूमा धेरै कुराहरू उठाउनुभएको छ । प्रतिपक्षका माननीयहरूबाट बजेटमा विनियोजनमा रहेका कमी कमजोरीहरू उठाउने कुरा भएकै छ । सत्तापक्षका माननीयहरूबाट पनि विभिन्न शीर्षकमा टिप्पणी गर्दै केही शीर्षकहरू कार्यान्वयन हुन नसक्ने र केही आवश्यक ठाउँहरूमा बजेट व्यवस्थापन नभएको टिप्पणी गर्नुभएको छ । जेजस्तो कोणबाट छलफल भए तापनि जतिसुकै चित्त नबुझे पनि निर्णयार्थ प्रस्तुत हुँदा सत्तापक्षका सांसदहरू पारित गर्न बाध्य हुने भएकाले छलफल छलफलको लागि मात्र जस्तो देखिन्छ ।

सम्माननीय अध्यक्षज्यू, मैले अब धेरै विषयमा अहिले कुरा राख्न सकिँदैन । मैले भूमि व्यवस्था तथा सहकारी मन्त्रालयअन्तर्गतका केही विषयहरूमा भनाइहरू राख्न चाहन्छु । भूमिहीन दलित तथा सुकुमबासी, अव्यवस्थित बसोबासको व्यवस्था व्यवस्थापनको लागि पहिले बनेको भूमि आयोग विघटन गरियो । पुनः अर्को आयोग

बनेको छ । पहिलो आयोगले एक चरणको काम सम्पन्न गरेको छ । धेरैजसो पालिकाहरूले जमिन र लाभग्राहीको लगत लिने काम पनि सम्पन्न गरेका छन् । धेरै पालिकाहरूमा टोकनसमेत वितरण भइसकेको छ । अब अन्तिम नक्साङ्कनको काम मात्र बाँकी छ । त्यसकारण अब अलमल गर्ने, भाका राख्ने काम किन गर्नुपर्यो ? अब सरासर लालपुर्जा वितरण गर्न केले रोकेको छ ? दुई वर्ष, केले रोकेको छ र दुई वर्ष भन्नुपर्यो ? के अझै बल्झाएर राख्ने र अर्को चुनाव पनि हतियार बनाउने हो कि ? मलाई त्यस्तो लाग्छ । गैरकानुनी रूपमा कब्जा गरिएका सार्वजनिक सरकारी गुठी जग्गा, सडक र त्यसको राइट वेलगायतको सरकारी जग्गा कित्ताकाट गरी यसै आर्थिक वर्षिभित्र सरकारको नाममा कायम गर्ने भनिएको थियो । अगिल्लो सरकारले यस्तो कुरा गर्‍या थियो । के भएको छ त्यस सन्दर्भमा ? म चाहिँ सोध्न चाहन्छु ।

गत बजेट कार्यान्वयनको जिम्मा लिनुपर्छ कि पर्दैन ? अहिले कहिले एउटा सरकारले एउटा योजना बनायो, त्यो अर्को सरकार आएपछि भत्काउनेबाहेक अहिले अरू भा'को छैन । त्यसो भ'को हुनाले काम अगाडि बढ्ने भन्दा पनि त्यो पछाडि फर्किने अवस्था छ । यस्तै अगिल्लो सरकारले भूउपयोगको लागि भूमि बैङ्कको अवधारणा ल्याएको थियो । त्यसलाई कार्यान्वयनमा ल्याएको भए उत्पादन र रोजगारीको क्षेत्रमा ठुलो फट्को मार्ने थियो । समृद्ध नेपाल सुखी नेपालीको नेपाली चाहना साकार हुने थियो र त्यसतर्फ चासो देखिएन ।

अहिले वैज्ञानिक भूमि सुधार भनिएको छ । तर त्यसको समग्र योजना छैन । योजना नआउने नारा चाहिँ तय हुने । यस्तो खालको अवस्था छ । नाराले मात्र वैज्ञानिक भूमि सुधार लागु हुन सक्दैन । यदि भूमिको उचित सदुपयोग गर्ने हो भने जमिनको निश्चित हिस्सा राज्यको हातमा हुनुपर्छ । र मात्र जमिन किसानको पहुँचमा जान्छ र उत्पादन बढ्छ । त्यसको निम्ति इच्छा शक्तिको आवश्यकता छ । बजेट प्रस्तुत गर्ने, कार्यान्वयनको जिम्मा लिनु नपर्ने अवस्था रहेसम्म आर्थिक विकास सम्भव छैन । यो आर्थिक वर्षको बजेट हामीले सुन्दा ३७, ३८ पर्सेन्ट मात्रै अहिलेसम्म खर्च भा' छ भन्ने सुनिन्छ । यो अवस्थामा कसरी यो आर्थिक विकास हुन्छ ।

अर्कोतर्फ सहकारीको ५० परसेन्ट रकम उत्पादनशील क्षेत्रमा लगानी गर्ने भनिएको छ । त्यसको निम्ति समग्र योजना छैन । चार, पाँचओटा बुँदामा राखिएका नीतिगत कुराले मात्र समग्र सहकारीको आर्थिक विकासमा प्रतिनिधित्व हुँदैन । अध्यक्ष

महोदय, सहकारीलाई खास गरी सामूहिक कृषि उत्पादनमा जोड्न सकियो भने उत्पादन वृद्धि र रोजगारी बढ्न सक्छ भन्ने मलाई लाग्छ । सहकारीलाई बजारीकरणमा समेत जोड्न सकिन्छ ।

सम्माननीय अध्यक्षज्यू, अब म ऊर्जा मन्त्रालयतर्फको खास गरेर अहिले बढी चर्चामा रहेको यो एलपी ग्याँस विस्थापन गर्ने, इन्डक्सन चुलो वितरण गर्ने कुरा आएको छ । देशव्यापी रूपमा अहिले लगभग मैले बुझेअनुसार ६० लाख घरधुरी छ । त्यो ६० लाख घरधुरीलाई हामीले इन्डक्सन चुलो वितरण गर्यौं भने करिब १२ देखि १३ सय मेगावाट अतिरिक्त बिजुली आवश्यक पर्छ । विज्ञहरूले चाहिँ त्यसो भन्छन् । त्यसो भएको हुनाले त्यो व्यवस्था हामीले कसरी गर्न सक्छौं । अहिले बिजुलीको अवस्था के छ ? अगि माननीय सांसदहरूले पनि राखिसक्नुभा' छ । खास गरेर बिजुली भर्खरै जाने भर्खरै आउने अघोषित खालको लोडसेडिङ भइरा' छ । यस्तो बिजुलीले कसरी इन्डक्सन चुलो चल्छ । अगि माननीयले भने जस्तै मेरो घरमा पनि पाँच वर्ष भयो एउटा इन्डक्सन चुलो छ, एउटा ग्याँस चुलो छ । इन्डक्सन चुलो चारओटा फेरिसकियो । त्यो बिजुलीको वायरिङ पनि खत्तम भा'छ र यता त्यसको उतारचढावले विद्युत्को उतारचढावले गर्दा यो चुलो नष्ट भा'छ । यसो भ'को हुनाले यसको व्यवस्थापन कसरी हुन्छ ? यो चाहिँ मूल कुरा हो जस्तो मलाई लाग्छ । यसै गरी मूलतः विद्युत्को गुणस्तरीयता पहिलो शर्त हो । अहिले यो इन्डक्सन चुलोको निम्ति विद्युत्को गुणस्तरीयता नभइकन इन्डक्सन चुलो चल्न सक्दैन । हामी भुक्तभोगी भइसकेका छौं ।

अहिले खास गरेर योजनाहरू बजेटमा केन्द्रले कस्ता खालका योजनाहरू सञ्चालन गर्ने ? प्रदेशले कस्ता खालका योजनाहरू सञ्चालन गर्ने ? र स्थानीय तहले कस्ता खालका योजनाहरू सञ्चालन गर्ने ? भन्ने बजेटले भन्या छ । तर विनियोजनले अर्कै भन्यो । दुई, तीन लाखसम्मका योजनाहरू पनि केन्द्रीय बजेटमा व्यवस्थापन गऱ्या छ । त्यसो भएर भन्ने एउटा गर्ने आर्को गर्न भएन । खास गरेर पहिले पहिले कनिका छरेजस्तो भनिन्थ्यो । अहिले पनि फेरि कनिकै छर्ने काम भयो । यसरी गर्दा योजनाहरू कार्यान्वयन पनि हुन सक्दैनन् । तलका सरकारहरूले के काम गर्ने, माथिका सरकारले के काम गर्ने भन्ने कुनै योजना पनि नहुने भो ।

त्यस्तै मैले लास्टमा के भन्न चाहन्छु भने अहिले खास गरेर नागरिकता जन्मसिद्ध नागरिकहरूका छोराछोरी हामीसँग भेट्ने, हामी सबै सांसदहरूलाई जब संसद सुरु हुन्छ

म्यासेजहरू आउने गर्छन् । भेटेर रुन्छन् जवान युवाहरू । यो अवस्था छ । नागरिकका छोराछोरीले नागरकिता नपाउने कुरा यो संसारमा कहीँ नभएको कुरा हाम्रो देशमा भएको छ । एउटा विधेयक ल्याउने कुरा (**सम्माननीय अध्यक्षः** समय सकियो माननीयज्यू ।) यत्रो लामो समय लगाएर विधेयकलाई पारित गराउन नसक्ने कुरा यो लाजमर्दो भएको छ । यति कुरा राख्दै मेरा भनाइहरू यही अन्त्य गर्छु, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय महेश कुमार महरा । समय ७ मिनेट । यसपछाडि माननीय गोमा देवी तिमल्सिना।

**माननीय श्री महेश कुमार महरा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्ष महोदय, आज हामी ७९/८० को विनियोजन विधेयकमाथि हामी छलफल गरिरहेका छौं र यो छलफलमा म आफ्ना केही सुझाव र धारणा राख्न गइरहेको छु । अध्यक्ष महोदय, यतिबेला जुन हामी विनियोजन विधेयकमाथि छलफल गरिरहेका छौं र यो छलफल गर्दाखेरि र यो विनियोजन विधेयकहरू पल्टाएर यसका दफावारमा हेर्दाखेरि के लाग्छ भन्दा जसरी धेरै ठुलो बलिदानी, कुर्बानीबाट जुन सङ्घीय लोकतान्त्रिक गणतन्त्र यहाँ स्थापना भयो र त्यसको मूल मर्म अनुरूप आउन सकेन । हामीले भन्नैपर्छ यस मानेमा के भन्नुपर्छ भन्दाखेरि जुन बलिदान त्याग तपस्या र कुर्बानीबाट हामीले यो व्यवस्था ल्यायौं यो व्यवस्थालाई संस्थागत गरेर लैजाने सवालमा यो सङ्घीयतालाई कार्यान्वयन गर्ने सवालमा चाहिँ अलि गम्भीर हुनैपर्छ । नेता गम्भीर हुनुपर्छ । राज्य गम्भीर हुनुपर्छ । यदि यसो गम्भीर हुन सकेनौं भने अहिले हामी सुन्दै छौं । यो सङ्घीयता खारेज गर्नुपर्छ भन्ने आवाजहरू पनि उठिरहेका छन् । यो उठ्नुको कारण के हो भन्दाखेरि म यो सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछिको पहिलो यो राष्ट्रिय सभामा निर्वाचित भएर आएको थिएँ । ती आइसकेपछि प्रत्येक वर्षका बजेटहरूमा प्रत्येक वर्षका बजेटहरू के भए त भन्दाखेरि सङ्घीयतालाई कार्यान्वयन, त्यसलाई संस्थागत गर्ने सट्टामा बरु यसलाई विस्थापित गर्ने उन्मुख आइरहेको मेरो बुझाइ छ र यो बाहिरको बुझाइ पनि हो मैले बुझिरा'छु ।

त्यसो भएको कारण म ध्यान आकर्षण गराउन चाहन्छु अध्यक्ष महोदयमार्फत यी विनियोजन विधेयकहरू त्यतातिर उन्मुख छन् । मैले त्यस्तो किन भनिरहेको छु भने हेर्दै

गयौं नीति तथा कार्यक्रम पनि हामीले हेऱ्यौं । नीति तथा कार्यक्रमले एउटा कुरा बोलेको छ त्यो कुरा बजेटले बोक्दैन । बजेटले बोकेका कुराहरू विधेयकमा आउँदैनन् । दफावार यो विनियोजन विधेयकमा आउँदैनन् । किन आउँदैनन् भन्दाखेरि जुन हाम्रा माननीय मन्त्रीजीहरू हुनुहुन्छ ती मन्त्रीजीहरूले चाहिँ सिङ्गो नेपालको मन्त्री हुन सक्नुभा'छैन । उहाँले निश्चित आफ्ना निर्वाचन क्षेत्रलाई केन्द्रित गरेर ल्याउनुभएको छ । त्यसो भएको कारण म के भन्न चाहन्छु भन्दाखेरि अध्यक्षमार्फत माननीय मन्त्रीजीहरूलाई हिजो त्यो कुर्सीमा नआउँदाखेरि यिनै प्रतिनिधि सभा, राष्ट्रिय सभाका यिनै रोष्ट्रमहरूमा उभिएर निकै चर्को स्वरमा कुरा त उहाँ मन्त्रीजीहरूले गर्नुभएको त अझै पनि रेकर्ड छ । तर आज ती माननीय मन्त्रीज्यूहरू जब कुर्सीमा बस्छन् अनि त्यो भुल्छन् र निश्चित आफ्नो चाहिँ निर्वाचन क्षेत्र हेर्छन् । अनि यसरी यो व्यवस्था दिगो हुन सक्छ ? हामीलाई हिजो बुझेका थियो यो संसदीय व्यवस्था खासै जनताप्रति उत्तरदायी छैन र यसलाई अलि सुधारेर लैजानुपर्छ भन्ने कुरा सुन्या थियौं र हामीले पढ्या पनि के हो भन्दाखेरि हिजो हामीले स्कुलिङ के पढ्या थियौं भने यो संसदीय व्यवस्था त खसीको टाउको झुन्ड्याएर भनौं कुकुरको मासु बेच्ने थलो हो भनेर हामीलाई सिकाइएको थियो र यही भएर रहेछ । आज यसो बुझ्दाखेरि यही भइरा'छ । सम्पूर्ण मन्त्री माननीयज्यूहरूले आफ्नो क्षेत्रमा केन्द्रित गरे । यो गलत छ यो सच्चिनुपर्छ ।

र अर्को म यहाँ के कुरा राख्न चाहन्छु भने यो संसदीय व्यवस्थामा केही सुधार गरौं । हिजो बजेट ल्याउँदाखेरि कुनै माननीयहरूसित छलफल हुँदैन । जब बजेट ल्याइन्छ । बजेट बनाइन्छ । त्यो बजेट बनाइसकेपछि त्यसको ह्रस्व र दीर्घ पनि चेन्ज हुँदैन तब चाहिँ माननीयहरूलाई यहाँ छलफल गराइन्छ । यो परम्परा गलत छ । यसलाई सुधारौं । छलफल गरौं । कि त बजेट ल्याउनुभन्दा पूर्व हामीले छलफल गर्नुपर्छ र माननीयको सुझाव पनि लिनुपर्छ । हामीले भन्न खोजेका यति हो र छलफल पनि नलिने र फेरि यो औपचारिक रूपमा खालि छलफल गराएर मात्र हुन सक्दैन । यसका निमित्त म अध्यक्षमार्फत सम्पूर्ण नेता गणहरूको पनि म ध्यान आकर्षण गराउन चाहन्छु । मन्त्रीजीको पनि ध्यान आकर्षण गराउन चाहन्छु ।

केही न केही अब नयाँ ढङ्गले गएनौं भने जुन तपाईं र हामीप्रति चाहिँ question चिह्न खडा भएको छ र जनताले हेरिरहेका छन् । वास्तवमा यो सङ्घीयता आफैमा राम्रो हो हामीले त यो सङ्घीयता भनेको सन्तुलित समावेशी र अधिकार बाँडफाँट र जनतालाई चाहिँ अधिकार सम्पन्न गर्ने भनेर हामीले सङ्घीयता ल्याएको होइन र ? तर आज त्यो गर्न

कसबाट कमजोरी भइरहेको छ भने नेतृत्व तहबाट नै कमजोरी भइरहेको छ । त्यसो भएको कारण म ध्यान आकर्षण गराउन चाहन्छु । अब हामीले गम्भीर हुनैपर्छ । यदि हामी गम्भीर हुन सकेनौं भने साँच्चिकै जुन अहिले question चिह्न, प्रश्न चिह्न खडा भएको छ । यसले चाहिँ विकराल रूप लिएर समस्या आउन सक्छ । त्यो कारणले म ध्यान आकर्षण गराउन चाहन्छु ।

र अब समय छोटो छ र म थोरै ऊर्जातिरको विषयमा आफ्ना लेटर प्याडहरूमा, त्यहाँ समस्याहरू छन् । डडेल्धुरा जिल्लाको आधा भूभागभन्दा पनि बढी ओगटेको ठाउँ भित्री मधेस छ । त्यो भित्री मधेसको बिचबाट एउटा रङ्गुल नदी छ त्यसले चाहिँ त्यहाँ ठुलै कटान गरेर त्यहाँको जमिनहरू मासेको छ त्यसको निम्ति एउटा तट्बन्धको निम्ति मैले माग गरेको थिएँ । तर ती योजनाहरू हुन सकेनन् । त्यहाँको यथार्थ समस्या के हो भन्दाखेरि त्यो समस्या मैले ल्याएर त्यहाँ पेस गरेको थिएँ । त्यो पनि हुन सकेन अनि अरू यसो हेर्दाखेरि योजनाको सवालमा हेर्दाखेरि सबै बजेटहरू सबै मन्त्रालयहरूका त्यतातिर केन्द्रित मैले देखिरा'छु र यो कारण म चाहिँ अध्यक्षमार्फत मन्त्रीजीको म ध्यान आकर्षण गराउन चाहन्छु । यी यस्ता कुराहरूमा अब यो बजेटमा त हामीले समेट्न सकेनौं फेरि काहीं यस्ता कुराहरू सम्बोधन गर्न सकिन्छ कि सकिँदैन ? यो मैले अध्यक्षमार्फत मन्त्रीज्यूको ध्यान आकर्षण गराएँ ।

र अर्को कुरो म के राख्न चाहन्छु भन्दाखेरि गृह मन्त्रालयको सवालमा के राख्न चाहन्छु भने गृहमा यो सुशासनको सवालमा त्यहाँ बजेट हेर्दाखेरि पनि त्यहाँ छुट्याएको छ । म आफ्नै जिल्ला डडेल्धुराको एउटा घटना म यहाँ राख्न चाहन्छु । आज एक वर्ष हुँदै छ । एक वर्ष पुगि पनि सक्यो अस्मिता धामी एउटा गरिब घरपरिवारकी एउटा स्वास्थ्य चौकी भनौं त्यसमा सहयोगीको रूपमा काम गर्थिन् तर ती हत्या भयो त्यो हत्या भइसकेपछि त्यो हत्या बलात्कार गरेर हत्या हो या के हो ? आज एक वर्षसम्म यहाँ राज्यले बोल्न सक्दैन । यो कस्तो हामीले प्रशासन बनाउँदै छौं । के कस्तो यहाँ सुशासन कायम हुँदै छ ? म अध्यक्षमार्फत गृहमन्त्रीज्यूको ध्यान आकर्षण गराउन चाहन्छु । ठिक छ निर्मला पन्तका त प्रमाणहरू नष्ट गरिए तर अस्मिता धामी त प्रमाणहरू थिए ती प्रमाणको आधारमा त्यो अनुसन्धान गर्न सक्छौं कि सक्दैनौं ? या राज्य गम्भीर हुनुपर्छ कि पर्दैन ? यहाँ राज्य गम्भीर हुनैपर्छ र नागरिकको सुरक्षा राज्यले गर्नैपर्छ । यसका निम्ति गृहमन्त्रीले जवाफ दिनुपर्छ । अस्मिता धामीलगायत अरू

निर्मला पन्तको के भइरहेको छ यो कुरा चाहिँ म अध्यक्षमार्फत गृह मन्त्रीज्यूलाई मैले सोध्न चाहेँ ।

र अर्को यो सूचना सञ्चार मन्त्रालय मन्त्रीजीको म किन ध्यान आकर्षण गराउन चाहन्छु भने टेलिकमले किन यो भनौं सेवा दिन सकिरहेको छैन ? कम्पनीहरू अरू NCELL यिनीहरूले दिइरहेको छ उसले 4G दिँदाखेरि (**सम्माननीय अध्यक्षः** समय सकियो माननीयज्यू ।) 3G पनि दिन सकिरहेको अवस्था छैन । त्यसो भएको कारण अब समय अभावले आफ्नो कुरा यहीँ अन्त्य गरेँ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय गोमा देवी तिमल्सिना । समय ८ मिनेट । यसपछाडि माननीय गंगा कुमारी बेलवासे ।

**<u>माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, आज २०७९/८० को यो मन्त्रालयअन्तर्गतको दफावार छलफल हुने क्रममा यहाँ लेखिएका केही बुँदाहरू आजका छलफलका विषयका बुँदाहरूमा म थोरै यहाँ अभिव्यक्त गर्न चाहन्छु । जस्तै- भूमि, भूमिका कुराहरू छन्, भूमिका कुरा छन्, सहकारीका कुरा छन्, गरिबी निवारणका कुरा छन्, अर्थलगायत आजका विषयका छलफलहरू हुने क्रममा विपन्न परिवार र सुकुमबासी, भूमिहीन भन्ने कुराहरू पहिलो बुँदामा छ । यो सुकुमबासी, अव्यवस्थित बसोबास गर्ने भनेर भन्ने बुँदामा मैले टिप्पणी गर्न खोजिराख्या छु । कतै पनि जमिन नभएका कस्ता कस्ता सुकुमबासी छन् हामीसँग भन्ने कुराहरू म यहाँ भन्न गइराखको छु । कतै पनि जमिन नभएका केही छन् । बास मात्रै भएका, गाँस नभएका, घर टक्रक्क भएका तर कमाएर खाने जमिन नभएका एकखाले सुकुमबासी छन् । सुकुमबासी नै भनम् । अनि बास तथा गाँस दुइटै नभएका छन् । अनि गाउँमा जमिन बाँझो छ । राम्रो खेती उन्नति प्रगति गर्न सकिने जमिन हुँदाहुँदै गाउँमा जमिन बाँझो छ । तर सहरिया सुकुमबासीको सङ्ख्या पनि हाम्रो देशमा कम छैन । अनि बाढी पहिरोले बगाएर सुकुमबासी भएका, घर जमिन छ, भूकम्पले बास बस्न पनि जोखिम छ । यस्तो खालको अवस्था भएका हाम्रा जनसमुदायलाई कसरी व्यवस्थापन गर्ने योजना छ ?

यो योजना अब यहाँ आउन त राम्रा कुरा आए तर यो योजनाअनुसार यो एउटै डालामा सबै सुकुमबासी अटाउँछन् जस्तो मलाई लाग्दैन । सुकुमबासीका पनि चरणहरू छुट्टाछुट्टै छन् । अब गाउँघरमा जमिन बाँझो राखेर सहरिया सुकुमबासी उहाँहरू नि सुकुमबासी, भूकम्पले घर भत्काएको छ जमिन चिरिएको छ, त्यसलाई व्यवस्थापन गर्न राज्यले चाह्यो भने गर्न सकिन्छ । अब उहाँहरूलाई नि सुकुमबासी भन्ने कि ? एउटा सानो बस्ने बास छ, गर्ने कमाएर खाने केही छैन, अनि कसैको देशभित्र कहीं पनि जमिन छैन । अब यसलाई कसरी मूल्याङ्कन गर्ने ? सरकारले यस्ता सुकुमबासीहरूलाई कुन श्रेणीमा राख्ने ? राखेर व्यवस्थापन गर्ने, श्रेणी छुट्याउनुपर्छ भन्ने मलाई लाग्छ ।

अनि भूमि पनि वर्गीकरण गर्नपर्यो । भूमि छ, कुनै ठाउँमा अत्याधिक खेती हुन्छ । कुनै ठाउँमा टक्रक्क घर हुन्छ, कुनै पनि खेती हुँदैन । खेतीयोग्य जमिन छैन । त्यसलाई पनि वर्गीकरण गर्नुपर्छ । जुन ठाउँमा खेतीयोग्य जमिन छ । त्यो खेतीयोग्य जमिन भएको ठाउँमा प्लटिङ गरेर सबै टुक्रा टुक्रा पारेर खेती नै हाम्रो देशमा सुकुमबासी मात्रै होइन अब खेती हुने ठाउँ छैन । जमिन भए पनि खेती हुने ठाउँ छैन । यी कुराहरूलाई कसरी बन्दोबस्त मिलाउन सरकारले योजना बनाएको छ ? यो योजना पनि आज साँच्चै नै मन्त्रीज्यूहरूले यसलाई बताउनुहुने छ ।

सुकुमबासी बस्तीमा यी विभिन्न खाले सुकुमबासी जुन जुन सुकुमबासी भए पनि देशका जनसमुदाय, देशका जनसमुदायलाई सुकुमबासी बजार बस्तीभित्र सीप सिकाएर बजारमुखी सीप सिकाएर स्वरोजगार बनाउने योजना भयो भने वास्तवमा ऊ आफै कमाउछ आफै खान्छ । यसले सुकुमबासी भए पनि ऊ स्वरोजगार हुन्छ कमाएर खान्छ उसको पेट पाल्नलाई गाह्रो हुँदैन । यी कुराहरूमा राज्यको ध्यान कसरी पुऱ्याउने अझै यसको योजना आ'को छ जस्तो मलाई लाग्दैन । जस्तै- अब म सहकारीमा अलिकति मात्रै छुन्छु । सहकारीमार्फत धेरै खेतीहरू हामीले गर्न सक्छौं । मौसमी खेती गर्न सक्छौं । यसमा खेतीमा तरकारी, धान, गहुँ, मकै, कोदो, फापर, तोरी जे पनि हामी मौसमअनुसारको खेती गर्न सक्छौं भने त्यस्तै फूल खेतीहरू पनि अहिले एकदम फस्टाएर ग'को छ । फूल खेती गरेर पनि यसलाई जीविका चलाउन सक्ने बनाउन सकिन्छ । यो पनि हामीले सहकारीभित्रैबाट गर्न सक्छौं । जस्तै- पहाडी क्षेत्रमा यहाँ धान, तोरी, मकै नहुने ठाउँमा पहाडमा डाँडापाखामा पनि फलफूलहरू अनार, जुनार, स्याउ, सुन्तला, केरा आदि उत्पादन गर्न सकिन्छ । कपास खेती गर्न सकिन्छ । यो सहकारीमार्फत नै गर्न सकिने कुराहरू छ । यसलाई खास योजना बनेको छैन । यहाँ खरर पढिएको

छ । अब हामी पनि खुसी छौं ल हुन्छ रे भनेर । तर त्यो पढेअनुसार योजना नभएपछि यो लागु नहुने भएपछि पढ्ने मात्रै काम हाम्रो हुन्छ । हामीले पनि सुन्ने, भन्ने त्यति मात्रै हुन्छ ।

अनि सहकारीलाई पनि अनुगमन गर्न जरुरी छ । सहकारीभित्र पनि कति बेथितिहरू छन् । सहकारीमा नि कति साना साना थोरै थोरै रकम जम्मा गर्ने, छोरी चेलीहरूका जम्मा भएका रकमहरू पनि त्यहाँ खाएर भागेको स्थिति छ । यसलाई पनि अलि राम्रोसँग निगरानी हुन जरुरी छ जसमा अब महिलाहरूले सय, पचास जम्मा गरेर सहकारीमा थोरै पैसा जम्मा गरेका हुन्छन् । यसलाई पनि कर राम्रोसँग कर लागेको छ । यो कर हटाउनुपर्छ भन्ने कुराहरू म यहाँ अध्यक्षमार्फत यो कर हटाउने कुरामा म जोड दिएरै भन्छु । (एक मिनेट भए पनि थपौं है ।) कर जस्तो अर्थ मन्त्रालयले विचार गर्नुपर्छ । गिट्टी, बालुवा चालेर दैनिक रिक्सा चलाएर खानेहरूले ठुलो करहरू तिर्न सक्दैनन् । जमिनहरू बाँझो छ, सिँचाइको आवश्यकता छ । कहीँ जमिन तिर्खाएर बसेको छ । कहीँ खोला र बाढीले सत्यनाश बनाएको छ । जीवन असुरक्षित छ । यी सबै कुराहरूमा राज्यले ध्यान पुऱ्याउनुपर्छ भन्ने कुराहरू म राख्न चाहन्छु ।

अब बत्ती बलिसकेको हुनाले मलाई यहाँ विभिन्न मन्त्रालयहरू, राष्ट्रपति, उपराष्ट्रपति र यहाँ भन्ने पनि रहेछ यहाँ मैले अरू छोडेर पनि यो चाहिँ के भन्न खोजें मैले भने मन्त्रालय, राष्ट्रपति, उपराष्ट्रपति एकचोटि पदमा पुगेको ठुलो पदमा गइसकेपछि अनि त्यहाँ विभिन्नखाले खर्चहरू त्यो खर्च कटौती गर्नुपर्छ । विभिन्न मन्त्रालयमा हुने (**सम्माननीय अध्यक्षः** सकौं माननीयज्यू ।) विभिन्न मन्त्रालयमा हुने खर्च पनि कटौती गरेर हाम्रो पनि कटाउनुस् खर्च, हामीले पाउने सुविधाबाट पनि यदि राज्यलाई (**सम्माननीय अध्यक्षः** व्याख्या नगर्नु माननीयज्यू ।) यो कटाउन हामी तयार छौं । तर यो विभिन्न मन्त्रालय र ठुलो पदमा जानेहरूलाई गाडी, घोडा, सुरक्षा अनि यी सबै कुराहरू लगानी गर्दाखेरि हाम्रो देश खोक्रो भ'को छ । यो सानो देशमा ठुलो खर्च गर्न हुँदैन भन्ने कुरा राख्दै बिदा हुन्छु, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय गंगा कुमारी वेलवासे । समय ७ मिनेट । यसपछाडि माननीय सुमित्रा बि.सी. ।

**माननीय श्री गंगा कुमारी वेलवासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, हामी विनियोजन विधेयकमाथि छलफल गरिराखेका छौं र हाम्रो देश अन्तर्राष्ट्रिय सम्बन्धसँग पनि जोडिएको छ र हामी दिगो विकासका लक्ष्यहरूलाई २०३० मा target गरेको लक्ष्यमा पुऱ्याउनका लागि प्रतिबद्ध छौं । त्यसैले सबै मन्त्रालयले यी लक्ष्यहरूलाई पूरा गर्नका लागि आफ्ना आफ्ना योजनाहरू अगाडि बढाउनुहुने छ भन्ने मैले आसा राखेको छु । आज छलफल भइरहेका मन्त्रालयहरू एक नम्बर गरिबीको अन्त्य, दुई नम्बर भोकमरी, शून्य भोकमरी राम्रो स्वास्थ्य, लैङ्गिक समानता, स्वच्छ पानी, सरसफाइ, खर्चले धान्न सक्ने स्वच्छ ऊर्जा, मर्यादित काम, आर्थिक समृद्धि, उद्योग प्रवर्द्धन पूर्वाधार विकास, उपभोग्य उत्पादनमा जिम्मेवारीपन जलवायुसम्बन्धी हाम्रो कार्य र साझेदारीसँग जोडिएका धेरै विषयहरू छन् । म त्यससँग लक्षित भएर बजेटमा व्यवस्था केही गरिएको छ र ध्यान दिन अनुरोध गर्दछु ।

यसै गरेर जेलहरूलाई सुधार गर्नुपर्छ भनेर आजका अर्थमन्त्री, गृहमन्त्री हुँदाखेरि नै ल्याएको कार्यक्रम हो । जेलहरू सुधारिएका छैनन् । अप्ठ्यारो ठाउँमा बसिराखेका छन् । ठाउँको अभाव छ त्यसलाई कहिले सुधार्ने हो छिटोभन्दा छिटो त्यो सुधारको कामलाई अगाडि बढाएर त्यसलाई जेललाई एउटा सुधार गृहको रूपमा अगाडि बढाइयोस् भन्ने म माग गर्दछु । कैदीबन्दीहरूको घनत्व घटाउनका लागि पनि व्यवस्थापन गरियोस् । कारागार, भवन, कोठा सुधारको माग गर्दछु । विपरीत, तहगत व्यवस्थापन योविपरीत प्रतिकार्य र उदारमा लाग्नका लागि तहगत विपद् प्रतिकार्य र उदारमा लाग्नका लागि तहगत व्यवस्थापन छिटो गरियोस् । बाढी पहिरोको समस्या हल गर्नका लागि राजमार्गका आसपासमा त्यस्ता व्यवस्थापनका कार्यहरूलाई अगाडि बढाउनको लागि म अनुरोध गर्दछु ।

देशैभरि महिला हिंसाका घटनाहरू घटिरहेका छन् । हिंसा अपराध रोक्नका लागि निगरानी बढाउने, अपराधीलाई कारबाही गर्ने, अपराध हुन नदिन जनचेतनामूलक कार्यक्रमहरू अगाडि बढाउने र महिला युवा महिलाहरूमाथि भइरहेका हिंसाहरूलाई रोक्नका लागि १० वर्षदेखि १८ वर्षभित्रका किशोरीहरूको लागि शारीरिक सुरक्षा तालिम, पाठ्यक्रममा व्यवस्था गर्नुपर्दछ र शारीरिक अभ्यासका कामहरूलाई पनि अगाडि बढाउनुपर्छ भन्ने म माग गर्दछु ।

सरकारी अफिसहरूमा बिग्रेर बसेका सरकारी सवारी साधनहरू, सवारी साधनहरू मर्मत व्यवस्थापन गर्ने मर्मत गर्ने र व्यवस्थापन गर्ने र ट्राफिक कार्यलयहरूमा बसेका थन्किएका साधनहरूको यथाशीघ्र व्यवस्थापन गरी ठाउँ खाली गर्नको लागि पनि म सम्बन्धित मन्त्रालयको ध्यान आकर्षण गर्न चाहन्छु ।

अर्थ मन्त्रालयले मूलतः सबै मन्त्रालयसँग जोडिएर आएको छ र अर्थले आफ्नै कार्यक्रमहरू पनि ठिकै ल्याएको छ । अन्तरक्रिया गोष्ठीका कार्यक्रमहरू छन् । साना मझौला उद्योगहरूलाई कर्जा दिने लघुवित्तहरूलाई सुधार गरेर लैजाने र बिउ पुँजीहरूको लगानी गर्ने जस्ता कार्यक्रमहरू राम्रा छन् । यसलाई व्यवहारमा ठिक ढङ्गले लैजानका लागि पनि म सचेत र ध्यान आकर्षण गराउन चाहन्छु । सामाजिक सुरक्षा अनुदान, ब्याज अनुदान, उदार राहत पुनर्स्थापना व्यवस्थापना सुरु पुँजी जस्ता कामहरूलाई ठिक ढङ्गले अगाडि लैजाने छ भन्नेमा ध्यान आकर्षण गर्न चाहन्छु ।

अनावश्यक खर्च कटौतीको कुरा सुरुदेखि आएको छ तर त्यसरी खर्च कटौती भएजस्तो हामीले देखेका छैनौं । धेरै ठाउँमा धेरै विषयहरूमा त्यहाँ खर्चको व्यवस्था गरिराखेको देखिएको छ त्यस्ता विषयहरूलाई मन्त्रालयहरूले आफ्नो खर्चलाई कटौती गरोस् भन्ने पनि अनुरोध गर्न चाहन्छु ।

यसै गरेर म भूमि व्यवस्थासँग केही जोडिएका विषयहरूसँग राख्न चाहन्छु । गुठीको जग्गालाई संरक्षण गर्ने र नियमन गर्ने काम अगाडि बढाइएको छ भन्ने जानकारी छ त्यसलाई ठिक ढङ्गले अगाडि बढाउन र नियमन गर्न र त्यसलाई उत्पादनमा लगाउनको लागि म अनुरोध गर्न चाहन्छु । भूमिहीन सुकुमबासी अव्यवस्थित बसोबासीका समस्याहरू समाधान गर्न, पुनर्स्थापना हुन बाँकी मुक्त कमैया हलिया, कमलरीहरू, कमलरी, हरुवा चरुवा मुक्त घोषणा गर्ने तर व्यवस्थापन नगर्ने कामले गर्दाखेरि उनिहरूको मनोबल उठ्न सकेको छैन र हाम्रो देशले त्यसलाई व्यवस्था गर्न नसक्दाखेरि हामी पनि धेरै पछाडि परेका छौं । त्यो अव्यवस्थित कामलाई व्यवस्थित गर्नका लागि म अनुरोध गर्न चाहन्छु । नीति कार्यक्रममा राम्रोसँग आएको छ त्यो व्यवहारमा लागु कहिले हुन्छ र कसरी हुन्छ भन्ने कुराको पनि म अनुरोध गर्न चाहन्छु ।

गरिबी निवारण गर्नका लागि रोजगारी क्षमता विकास गर्नका लागि विपन्न गरिब घरपरिवार पहिचान गर्ने, परिचयपत्रको व्यवस्था गर्नको लागि मन्त्रालय अगाडि बढेको

देखिएको छ । त्यसलाई नियमन गर्ने अगाडि बढाउने र त्यहाँ राहातको व्यवस्था गर्नका लागि पनि म अनुरोध गर्दछु । सरकार, सरकारी सहकार्यलाई निमयन गर्ने सहकारीलाई उत्पादन क्षेत्रमा वर्गीकरण गर्ने सहकारी क्षेत्रलाई सुशासन प्रवर्द्धन गर्ने काम यो मन्त्रालयले गरिराखेको छ र यो भूमि सुधार मन्त्रालयले उत्पादनमा पनि राम्रो भूमिका खेलिराखेको छ तर यिनै कार्यक्रमहरू सफल गर्नका लागि यो मन्त्रालयलाई पर्याप्त बजेट छ कि छैन हामी सबैले हेर्न जरुरी छ र यस्ता जनतालाई राहात दिने खालका र जनताको जीवनस्तर उठाउने खालका काममा बजेटको राम्रो व्यवस्था हुन आवश्यक छ भन्ने म अनुरोध गर्न चाहन्छु । (एक मिनेट समयको व्यवस्था गरिदिनुहोला ।)

जलस्रोत मन्त्रालयले आफूलाई व्यवस्थित ढङ्गले अगाडि बढाउन खोजिएको छ । सबैभन्दा ठुलो रकम पनि यो मन्त्रालयमा छ । ठुला ठुला योजनाहरू पनि अगाडि सारेको छ तर योसँग जोडिएका राष्ट्रिय गौरवका योजनाहरू समयमा अगाडि नबढ्दाखेरि आशङ्काहरू उत्पन्न भएको छ । जनविश्वासहरू घटेको छ । यसलाई समयमै सम्पन्न गर्नका लागि मन्त्रालय, मन्त्रीज्यू र लगायत सम्बन्धित सबैको ध्यान आकर्षण गर्न चाहन्छु । जनतालाई सिँचाइको व्यवस्थाको केही व्यवस्था भइराखेको छ । (**सम्माननीय अध्यक्षः** समय सकियो माननीयज्यू ।) यहाँ योजनाहरू आएकै छन् त्यसलाई व्यवस्थित गरेर अगाडि बढ्नु हुने छ भन्ने लाग्दछ । नदी तट्बन्धमा जनताको धेरै ध्यान आकर्षण भएको छ । .......(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सुमित्रा बि.सी. । समय ११ मिनेट । यसपछाडि माननीय जितेन्द्र नारायण देव ।

**<u>माननीय श्री सुमित्रा बि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी यस आर्थिक वर्षको २०७९/८० को विनियोजित विधेयकको बारेमा छलफल गरिरहेका छौं । मलाई आज यो ऊर्जा र जलस्रोत तथा सिँचाइ मन्त्रालयको मन्त्रालयअन्तर्गत यो लिफ्ट सिँचाइको बारेमा केही कुरो भन्न मन लागिरहेको छ । यो लिफ्ट सिँचाइ हाम्रो बाध्यता पनि होला जहाँ सिँचाइ हामी गर्न सक्दैनौं लिफ्टको माध्यमबाट हामी सिँचाइ गर्ने योजना बनाउँछौं । र यो आफैमा हामी सबैलाई थाहा छ लिफ्ट गरेर पानी खोलाबाट डाँडामा ल्याउनुपर्दा महङ्गो हुन्छ भन्ने कुरो हामी सबैलाई

थाहा छ । र यो लिफ्ट सिँचाइ गरिरहँदा किसानसँग जोडिएको यो सिँचाइ भन्दाबित्तिकै किसानसँग जोडिएको विषय भएको कारणले आज देशमा मलको हाहाकार परिरहेको बेलामा सिँचाइले मात्रै पुग्दैन । र योसँग सम्बन्धित सिँचाइ भएको ठाउँमा हाल्ने मल हामीसँग हामीले पर्याप्त उपलब्ध गराउन नसकेर अहिले हाहाकार भइरहेको छ ।

र यस्तै यो लिफ्ट सञ्चालन गर्नका निम्ति आवश्यक तालिम प्राप्त प्राविधिकहरू जनशक्ति कस्तो छ ? यसको बारेमा पर्याप्त छ कि छैन ? सरकारले सदनमा पनि जानकारी गराइदिँदा सम्बन्धित मन्त्रालयले जानकारी गराइदिँदा राम्रो हुन्थ्यो । म यसको माग गर्न चाहन्छु । र यो दुःख गरेर सिँचाइ गरिसकेपछि उन्नत बिउहरू, बिउ बिजनहरू हामीले किसानलाई उपलब्ध गराउन सकेका छौं कि छैनौं ? र यो राज्यले धेरै लगानी गर्नुपर्दा यसको उपलब्धि कति प्राप्त गरेका छौं ? र यो खर्चभन्दा उपलब्धि कमी त हुने स्थिति छैन ? र हामीले अनुगमन गरेका छौं कि छैनौं ? र यो सिँचाइ गर्नका निम्ति आवश्यक जमिन छ कि छैन ? र यसका निम्ति सानो जमिनमा हामीले यो सिँचाइ पुऱ्याउँदा अझै महङ्गो पर्ने भएको कारणले एकीकृत बस्तीको लागि सरकारले के योजना ल्याएको छ ? र यो जुन यो लिफ्ट सिँचाइमा बजेटहरू अलि अलि छुट्याएको हेरियो । यसमा २ लाख, ५ लाख, ८ लाख, १० लाख, यस्तै यस्तै टुक्रे बजेटहरू देखियो । मलाई लाग्छ यो बजेट पर्याप्त छ जस्तो लाग्दैन । र एउटा हामी घरमा सामान्य खानेपानी तान्ने मोटर सञ्चालन गर्दा त कति खर्च हुन्छ । र त्यस्तै यो लिफ्ट सिँचाइमा विद्युत्को आवश्यक पर्ने भएको कारणले कति यस्तो बजेटले कति भोल्टेजका मोटरहरू हामी जडान गर्छौं र कति क्षमताका मोटरहरू हुन्छन् र त्यो क्षमता हाम्रो विद्युत्ले धान्छ कि धान्दैन ? मलाई यहाँ अगि एक जना माननीयले भन्नुभको थियो । एउटा इन्डक्सन चुलो त भोल्टेजको असमानताले हामी फेरिरहनुपर्छ भने यो लिफ्ट सिँचाइ गर्दा त भोल्टेज तल माथि हुने र चाहिएको बेलामा विद्युतै उपलब्ध नहुने, सामान्य घरका फ्रिजहरू, बत्तीहरू त बत्ती तलमाथि भएर जाने गर्छ भने यो लिफ्ट सिँचाइ अब यो बाध्यता भएको कारणले काम चलाउ भए पनि यसलाई अलि उपलब्धिमूलक बनाऔं । र यो यसै राज्यको सम्पत्ति दुरुपयोग नहोस् भन्ने मेरो आसय हो । र यसको बाबजुद हामी विकल्पहरू पनि सोच्ने गरौं । र बर्खाको पानी सङ्कलन गर्नका निम्ति ट्याङ्कीहरू निर्माण गरेर थोपा सिँचाइको पनि योजना हामीले गरायौं भने उपयुक्त हुन्छ र कतिपय ठाउँहरूमा यो होला । र विभिन्न गैरसरकारी संस्थाले त यस्ता आयोजनाहरू बनाएका छन् भने सरकारले यसमा अलि धेरै लगानी गरेर अलि राम्रो ध्यान दिएर यो थोपा सिँचाइलाई

अलिकति उपलब्धिमूलक बनाओस् भन्ने मेरो अनुरोध हो । र यो लिफ्ट सिँचाइबाट साना किसानहरूको पहुँच कति भ'को छ र कति साना किसानहरूले यसबाट लाभ लिएका छन् ? म अध्यक्ष महोदयमार्फत सम्बन्धित मन्त्रालयको ध्यान आकर्षण गर्दै यस्ता कुराहरूमा सदनलाई पनि बेला मौकामा जानकारी गराउन आवश्यक छ भन्ने माग गर्न चाहन्छु ।

र यो ऊर्जाको बारेमा, यहाँ हाम्रो अर्थमन्त्री मलाई कता कता २०४६ सालअगाडिको याद आउँछ । त्यति बेलाका हामी अलि अल्लरे थियौं । सानै थियौं भन्न खोजेको । र तत्कालीन शासकहरूले यहाँबाट बजेट बाँडफाँट गरेर लिने त्यहाँ जाने र अलिपर डाँडामा गएर भागबन्डा गरेर विकासका बजेटहरू कागजमा मिलाएर फर्कने चलन थियो । र अहिले हाम्रो यो लोकतन्त्र आइसकेपछि आज हामी सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा छौं । र आज पनि हाम्रा मन्त्रीहरूका सोचहरू परिवर्तन भ'को जस्तो मैले भेटिनँ । हामी वर्गीय लडाइँ लडेर ९५ प्रतिशत जनताले राहत पाउने गरी, सुविधा पाउने गरी जसले काम गर्छ । त्यसले योग्यताअनुसारको काम र कामअनुसारको दाम पाउनुपर्छ भन्ने भनाइ राख्दै आएका हामीहरू आज यो विद्युत्मा १० करोड राजस्व बुझाउन सक्ने अथवा १० करोड बराबरको बत्ती बालेर बाल्नेलाई १५ परसेन्ट राजस्व छुट दिने जुन खालको नीति आएको छ । यसले कति प्रतिशत जनताहरूलाई छुन्छ अथवा उद्योगपतिहरूलाई छुन्छ ? यो अर्थमन्त्रीले उहाँको यो वर्गीय सोच यसमा झल्किएको मलाई महसुस हुन्छ ।

र यस्तै गरेर जुन विद्युतीय इन्डक्सन चुलोको कुराहरू छ । यहाँ माननीयज्यूहरूले भनिसक्नुभ'को छ । म त्यसलाई अझै जोड दिन चाहन्छु । आज कतिपय जनताहरूको झुपडीमा बत्ती बलेको छैन । उनीहरूको बत्ती त के चुलो बल्दैन । र उनीहरूलाई एकचोटि दिएको इन्डक्सन चुलोले त गुजारा नुहने रहेछ । किनभने हाम्रो राजधानीमा बस्ने हामी सबैले हाम्रा बत्तीको कारणले पनि इन्डक्सन चुलो वर्षैपिच्छे फेर्नुपर्ने स्थिति भ'का तलका निमुखा जनताहरूले के त्यसले गुजारा चलाउन सक्लान् ? त्यसो भएर हामीले अलिकति नयाँ सोच र व्यवहारिक कुराहरू गर्नका निम्ति ती जनताहरूलाई तलका शोषित पीडित जनताहरूलाई कम से कम एक छाक राम्ररी खाने, एक गाँस राम्ररी खाने, एक टालो राम्ररी लाउने र सामान्य औषधी उपचार स्वास्थ्य उपचार गर्न पाउने जुन हाम्रो संविधानले दिएको नैसर्गिक अधिकार छ । त्यो अधिकार प्रयोग गराउनका निम्ति हामी सबै लाग्नका निम्ति हाम्रा सोचहरू परिवर्तन हुनुपर्छ ।

र यहाँ अध्यक्ष महोदय, (म सबैले माग्ने भएर मागेको होइन मलाई अलिकति एउटा कुरा छुट्यो ।) जुन कोसी नदीलगायत, महाकालीलगायतका जुन अब बर्खा आइराखेको छ । र यो भारतको प्रवृत्तिको बारेमा पनि मैले अलिकति कुरा छुन खोजेँ । जब बाढी आउँछ सबै ढोकाहरू बन्द गरिदिने, जब खडेरी लाग्छ सबै ढोकाहरू खुल्ला गरेर पानी जति भारतमा लिएर सिँचाइ गर्ने । वर्षात्को बेलामा (**सम्माननीय अध्यक्षः** समय सकियो माननीयज्यू ।) बन्द गरेर नेपाललाई डुबान बनाउने जुन खालको प्रवृत्ति छ । यसको बारेमा सम्बन्धित मन्त्रालय समयमै सचेत भएर .....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय जितेन्द्र नारायण देव । समय १२ मिनेट ।

**<u>माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अहिले यो गरिमामय सदनमा ७९ र ८० को बजेटको बारेमा विभिन्न कोणबाट छलफल भइराखेको छ । र यो बजेटको सन्दर्भमा मैले आफ्नो कुरा यो गरिमामय सदनमा राखिराख्दाखेरि म के भन्न चाहन्छु भने यसपालिको यो बजेटको सबभन्दा मुख्य विशेषता र महत्त्व केमा छ भने यसले हिजो जसरी कोभिडले गर्दाखेरि विश्वको अर्थतन्त्र र समानान्तर रूपमा नेपाली अर्थतन्त्र एउटा सङ्कुचनको सिकार बन्यो । घट्दो GDP growth rate को सिकार बन्यो । र पछिल्लो क्रममा रसिया र युक्रेनको युद्धले अझ त्यो प्रवृत्तिलाई अझ नकारात्मक बनाउने हो कि भन्ने एउटा प्रवृत्तिहरू economic tendency हरू आर्थिक प्रवृत्तिहरू देखियो । त्यसबाट नेपाली अर्थव्यवस्थालाई अलग राख्ने मुक्त गर्ने र देशले नेपाली अर्थव्यवस्थामा economic activities हरूलाई बढाएर आर्थिक क्रियाकलापलाई बढाएर उत्पादनलाई बढाएर, उत्पादकत्वलाई बढाएर नेपाली economy लाई नेपालको अर्थव्यवस्थालाई एउटा vibrant economy को रूपमा अगाडि बढाउने यो नै अहिलेको बजेटको मुख्य आर्थिक विशेषता भनेको उत्पादन बढाउने र उत्पादकत्व बढाउने । यसैमा focused भएर अहिलेको यो बजेट आएको म एउटा अर्थशास्त्रको विद्यार्थीको नाताले मेरो निचोड, मेरो अध्ययन, मेरो बुझाइ यो रहेको छ ।

र यही कारणले, यही कारणले economy मा चाहे त्यो उत्पादनको क्षेत्रमा होस् चाहे त्यो सेवाको क्षेत्रमा होस् । हरेक क्षेत्रमा चाहे त्यो micro label मा होस् कि micro label होस् । economic activities हरू बढाएर आर्थिक क्रियाकलापहरू बढाएर

रोजगारीका अवसरहरू सिर्जना गर्ने रोजगारीको अवसर सिर्जना गरेर मुलुकमा रोजगार पाएकाहरूको आम्दानी बढाउने । income को बढोत्तरी गर्ने । आय बढ्यो भने उसको purchasing power क्रय गर्ने शक्ति बढ्छ र उसले मुलुकमा उसले market मा demand गर्छ । माग बढ्छ । market मा माग बढ्छ । माग बढ्यो भने supply side मा त्यसको positive असर पर्छ । supply गर्नुपर्ने उत्पादन बढाउनुपर्ने अवस्था सिर्जना हुन्छ economy मा र कुनै पनि democratic मुलुकमा, कुनै पनि लोकतान्त्रिक मुलुकमा economy vibrant हुने लक्षण भनेको यही हो । र प्रक्रिया भनेको procedure भनेको यही हो । त्यसकारण employment बाट सुरु गरेर उत्पादन बढाएर distribution मा एउटा समानताको दृष्टिकोणबाट अगाडि बढ्ने यो नै दृष्टिकोण हो र यही दृष्टिकोणबाट प्रभावित भएर अहिलेको यो जुन बजेट आएको छ । त्यो त्यही रूपमा यो बजेटले ल्याएको छ ।

त्यसकारणले मलाई के लाग्छ भन्दाखेरि बजेट पेस गर्नुभन्दा अगाडि नै माननीय अर्थमन्त्रीज्यूले जुन बजेटका सिद्धान्त र प्राथमिकताहरू पेस गर्नुभयो जुन नीति र कार्यक्रम यो गरिमामय सदनमा आए ती सबै दस्तावेजहरूका त्यो सिद्धान्त र प्राथमिकता, नीति र कार्यक्रम र यो बजेट तीनै दस्तावेजको मैले अस्ति पनि भनेको थिएँ आफ्नो भनाइमा । कि आजसम्म जति पनि म भन्छु विगत एक दशकको यो बजेटहरूलाई विश्लेषण गर्ने हो भने आजसम्म जति पनि बजेटहरू आए ती बजेटहरूमा सबभन्दा बढी सङ्गतिपूर्ण एनोम्याली असङ्गतिपूर्ण कम सङ्गतिपूर्ण संश्लेषण भएको यो बजेट हो भन्ने मलाई लाग्दछ । त्यसकारणले अब संसदीय लोकतन्त्रमा एउटा तानाशाही भएको देशमा मात्रै सबै कुरामा सर्वसहमति हुन्छ कहीँ विरोध हुँदैन तर हाम्रो मुलुक एउटा संसदीय लोकतन्त्र भएको democracy भएको मुलुक हो । यहाँ विभिन्न कोणहरूबाट छलफल हुन्छ विरोध हुन्छ democracy मा वाद विवाद बहस संवाद हुन्छ । त्यसपछि संश्लेषण हुन्छ र भए सर्वसम्मति होइन भने majority र minority को आधारमा निर्णय हुन्छ र अगाडि बढ्छ मुलुक ।

त्यसकारणले मलाई त्यही प्रक्रियाबाट यो बजेट पास हुन्छ किनभने बजेट राम्रो छ । अब त्यही सोचको आधारमा मुलुकलाई श्रीलङ्काबाट श्रीलङ्काको दिशामा जान नदिने पहिले precautionary economic major हरू political and administration legal major हरू अपनाएर economy लाई एउटा सही दिशामा डोऱ्याउने भन्ने जुन दृष्टिकोणले अहिलेको सरकारको त्यही कारणले सबभन्दा प्राथमिकता agriculture लाई दियो, कृषिलाई दियो म व्याख्या गर्न चाहन्नँ । उद्योगलाई दियो त्यसपछाडि connectivity लाई दियो ।

त्यसपछाडि पर्यटनलाई दियो । जलस्रोतलाई दियो । ऊर्जालाई दियो । ऊर्जा उत्पादनमा जोड दियो । ऊर्जा बेच्ने कुरालाई जोड दियो । foreign currency कमाउने कुरामा त्यसरी जोड दियो । उत्पादनमा बढाउने एउटा self reliant economy को निर्माण गर्ने उत्पादन त्यसरी लिएर जाने उत्पादन नबढाइकिन देशलाई खुट्टामा नउभ्याइकिन राख्दा पनि बलियो हुँदैन । economically त हामी माग्ने हुन्छौं हुन्छौं भोलि श्रीलङ्काको अवस्था हुन सक्छ । हात फैलाउनुपर्ने र हाम्रो राष्ट्र त्यागेर चुनौतीपूर्ण अवस्थामा खडा हुन्छ ।

त्यसकारण त्यो किसिमको संवेदनशिलताबाट निर्देशित भएर त्यो किसिमको भिजनबाट अहिलेको यो बजेट आएको छ । त्यसकारण म अहिलेको यो बजेट अत्यन्त visionary बजेट भन्छु म यसलाई । अत्यन्त pragmatic बजेट यसलाई म भन्छु । यो अत्यन्त सही बजेट छ । अब मेरो गोरिया गाउँमा बजेट गयो कि गएन । मेरो सप्तरी जिल्लाको कुन गाउँमा बजेट गयो कि गएन त्यो दुष्टिकोणबाट हामी राष्ट्रिय सभामा छलफल गर्ने हो र ? त्यसकारण सम्माननीय अध्यक्ष महोदय यो बजेट जुन पेस भएको छ समग्रमा भन्दाखेरि जिष्टमा भन्दाखेरि अत्यन्त राम्रो एकदम व्यवहारिक बजेट छ visionary बजेट छ । भोलिको नेपाल कस्तो नेपाल बनाउने भोलि नेपालको अर्थव्यवस्था कस्तो हुने त्यसको मार्गचित्र एउटा चाहिँ यसमा कोरेको यो बजेट यो दस्तावेजमा मलाई लाग्छ ।

तर मैले यतिभन्दा भन्दै पनि सम्माननीय अध्यक्ष महोदय के योभन्दा अलिकति राम्रो गर्न सक्ने थिएनौं कि हामी योभन्दा अझ अलिकति राम्रो गर्न सक्ने थिएनौं ? मलाई लाग्छ गर्न सक्ने थियौं । यो मेरो चाहिँ अध्ययनले मेरो बुझाइले के भन्छ भन्दाखेरि अलिकति हामी मात्रात्मक रूपमा भए पनि जोड र कोणको रूपमा मात्र भए पनि अलिकति यसलाई अझ राम्रो बनाउन हामी सक्थ्यौं । त्यो त्यतातिर अलिकति हाम्रो ध्यान पुगेन । त्यसकारणले आगतका दिनमा माननीय मन्त्रीज्यूहरूलाई पनि काम लागोस् र आगतका दिनहरूमा हुने सरकारलाई काम लागोस् । बजेट बनाउने सन्दर्भमा के विचार लिएर कसरी move गर्ने ? के काम गर्ने भन्ने सन्दर्भमा एक दुइटा सुझावहरू म दिन चाहन्छु ।

एउटा राम्रो बजेट बनाउनको निमित्त सबभन्दा राम्रो हुनैपर्ने एउटा काम के हो भन्दाखेर finance minister को political activism र bureaucrats हरूको expertise को

सदुपयोग । जबसम्म अर्थमन्त्री एउटा visionary हुँदैन र export हरू politician भनेको visionary हुन्छ । most of the politicians र bureaucrat भनेको समग्रतामा एउटा expertise बोकेको एउटा यन्त्र हो । tool हो । यो दुइटाको coordination optimum coordination र balance मा एउटा राम्रोसँग एउटा राम्रो बजेट बन्ने हो । त्यसमा अलिकति कमी रह्यो कि भन्ने मलाई लागेको हो ।

दोस्रो कमी कहाँनिर रह्यो भन्दाखेरि हामीले बजेट बनाउने भनेको नेताहरूको कुरा सुनेर मात्रै बनाउने हो कि आफ्नो क्षेत्र हेरेर मात्रै बनाउने हो कि आफ्नो जिल्लामा मात्रै हेरेर बनाउने हो कि मुलुकको need को आधारमा बनाउने हो । economic र political need को आधारमा need based approach बाट जाने हो कि अर्को approach बाट जाने । त्यसकारण अलिकति need based approach बाट अझै यसलाई finishing गर्न सकिन्थ्यो । त्यसमा मैले अलिकति कमी देखेको हुँ । आगतका दिनहरूमा पनि यदि हामीले हाम्रो economy को need को आधारमा र potentially को आधारमा हाम्रा policies र program लाई हामीले define गर्न सक्यौं र त्यही आधारमा बजेटको विनियोजन गर्न सक्यौं भने मलाई लाग्छ हामी बढी result प्राप्त गर्न सक्ने स्थितिमा हुन सक्छौं ।

तेस्रो कुरा मलाई लागेको के हो भन्दाखेरि अहिलेसम्मको हाम्रो अर्थमन्त्रालयको जुन consultation को process हो । बजेट बनाउने सन्दर्भमा जुन परामर्शको प्रक्रिया हो । त्यो wider छैन । अझै पनि wider हुन सक्या छैन । comprehensive हुन सक्या छैन । अलिकति sectarian छ त्यहाँ । अलिकति सङ्कीर्ण छ त्यसकारण यो consultation को process बाट जुन आम रूपमा दुइटै सदनमा सांसद माननीय सांसदज्यूहरूले उठाइरहनुभा'छ । माननीय सांसदज्यूहरूको opinion हामी पनि त केही न केही बुझ्छौं । यहाँ पनि केही political science का केही माननीयज्यूहरू बुझ्नेहरू छन् economic बुझ्नेहरू छन् । अन्य विषयका ज्ञात माननीयज्यूहरू दुवै सदनमा हुनुहुन्छ । खै हाम्रो political consultation हाम्रो consultation कहाँ छ भन्दाखेरि यो गरिमामय सदनको consultation खै अर्थ मन्त्रालयले गरेको ? त्यो तेस्रो कुरा ।

र चौथो कुरो जब हामी एक समयमा जब वीपी कोइराला यो देशको एउटा visionary लिडर legend refigure उहाँले भन्नुभा'थियो कि तिमी योजना बनाउने बेलामा भित्तामा रहेको हल गोरु हलो गोरु र कि त्यो किसानलाई सम्झने गर । उहाँले भन्नेगर्नु

हुन्थ्यो । अहिले हामीले अहिले आजको नेपालमा हिजो पञ्चायती नेपाल र हिजोको formal democracy बहुदल कालको मात्रै होइन आजको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अवस्थाको नेपालको एउटा बजेट बनाउने बेलामा एउटा inclusive picture हिमाल छ, पहाड छ, मधेस छ, तराइ छ, सुदूरपश्चिम छ, पश्चिम छ, पूर्व छ । धनी छ, गरिब छ । विभिन्न जाति, विभिन्न क्षेत्र, विभिन्न वर्ग, विभिन्न भूगोल भएको यो मुलुक हो । त्यसरी हामीले एउटा balance development, balance and inclusive development को approach बाट बजेट हामी बनाउन सक्यौं भने हामीले हाम्रा बजेटहरू बढी pro people हुन्छ । pro nation हुन्छ । यो सुझावहरू म दिन चाहन्छु । यो सन्दर्भमा एक दुइटा मात्रै उदाहरण दिऊँ । म यो चाहिँ सैद्धान्तिक कुरा मैले गरें । अब म अलिकति व्यवहारिक ट्याक्कै उदाहरण राखेर यो approach लाई म चाहिँ justify गर्न चाहन्छु । आजको दिनमा यो संसदीय लोकतन्त्र भएको मुलुक हो सम्माननीय अध्यक्ष महोदय । prime minister कार्यालयलाई कस्तो कार्यालय बनाउने ? प्रधानमन्त्री र मन्त्रिपरिषद्को कार्यालयलाई कस्तो कार्यालय बनाउने ? हिजोको अवस्थामा चल्ते चलाते पञ्चायत कालमा जसरी चल्यो बहुदल कालमा जसरी चल्यो आजको यो सङ्घीय लोकतान्त्रिक गणतन्त्र कालमा पनि प्रधानमन्त्री कार्यालय त्यही रूपमा राखिराख्ने हो भने उनको डाइनामिजम्लाई उनको दायरालाई हामीले बढाएका छौं त्यहीअनुसारको equipment support हामीले दिन सक्या छौं कि छैनौं ? मलाई लाग्छ दिन सक्या छैनौं । मैले यहाँ figure ल्याएको छु । ७७/७८ मा ४ अरब २९ करोड बजेट थियो । जो total बजेटको 0.029 percent थियो । ७८/७९ मा आएर ४ अरब १८ करोड भयो जुन 0.25 percent हुन आयो । अहिले हामीले 0.26 percent प्रधानमन्त्री कार्यालयलाई दिएका छौं । हाम्रा यी figure ले के देखाउँछ भन्दाखेरि प्रधानमन्त्री कार्यालयलाई जसरी सशक्त बनाउनुपर्ने हो आजको दिनमा जे आवश्यकता छ जे need छ त्यो आधारमा हाम्रा बजेट विनियोजन भएको छ । त्यसरी मेरा figure छन् । मसँग समय छैन ।

तर मैले गृह मन्त्रालयको सन्दर्भमा एक मिनेट मात्रै सम्माननीय अध्यक्ष महोदय म एउटा नयाँ कुरा राख्न चाहन्छु । अहिले हाम्रो देश एउटा यस्तो देश हो । अफगानिस्तान जस्तो हाम्रो देश हुन गइरा'छ । खासमा natural disaster को सन्दर्भमा । हरेक वर्ष आगालागी हुने, हरेक वर्ष बाढी आउने, हरेक वर्ष पहिरो आउने, यदाकदा भूकम्प पनि आउने । यस्तो बेलामा गृह मन्त्रालयअन्तर्गत एउटा हामीले natural disaster, rescue force छुट्टै अहिले हाम्रा काम APF ले गरिरा'छ । आर्मीले गरिरा'छ ।

तर छुट्टै एउटा rescue, natural disaster, rescue force निर्माण गर्नुपर्ने नेपालको need हो । यदि त्यो creativeness को आधारमा जाने हो भने त्यसको लागि बजेट हामीले निर्धारण गर्नुपर्ने हुन्छ । त्यसकारण हामीमा अलिकति creativeness हाम्रा politician हरूमा हाम्रो मन्त्रीहरूमा अलिकति सोचाइमा comprehensive, creativeness, costiveness त्यसको कमी म देख्छु । त्यो कुराहरूलाई अलिकति correction गर्न हामी अगाडि गयौं भने मलाई लाग्छ जसरी आजको देशका अर्थशास्त्रीहरूले भन्या छन् । implementation, implementation र implementation अहिलेको बजेटलाई राम्रोसँग implement गर्न सक्यो भने म फेरि भन्छु अर्को आर्थिक वर्षमा त हामी हुन्छौं । म भन्न चाहन्छु यदि राम्रोसँग कार्यान्वयन भएर गयो भने हाम्रो यो बजेटले अर्को चोटि हामी यही बजेटमा अर्को बजेटमा छलफल गर्दाखेरि एउटा योभन्दा राम्रो आर्थिक अवस्था हाम्रो मुलुक हुन्छ भन्ने कुरा म त्यो विश्वास राख्दै मलाई अलिकति समय बढाइदिनुभएकोमा सम्माननीय अध्यक्ष महोदयलाई धन्यवाद दिँदै म आफ्नो कुरा यहीं समाप्त गर्छु । धन्यवाद ।

**<u>पुनः पीठासीन</u>**: सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, विनियोजन विधेयक, २०७९ अन्तर्गत भूमि व्यवस्था; सहकारी तथा गरिबी निवारण मन्त्रालय; अर्थ मन्त्रालय; सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय; सञ्चार तथा सूचना प्रविधि मन्त्रालय; गृह मन्त्रालय; रक्षा मन्त्रालय; राष्ट्रिय योजना आयोगको सचिवालय; प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालयलगायत सबै मन्त्रालयहरूसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, विनियोजन विधेयक, २०७९ अन्तर्गत मन्त्रालयगत शीर्षकहरूमाथिको छलफलमा उठेका विषयका सम्बन्धमा सभाको असार १२ र १३ गते बस्ने बैठकमा सम्बन्धित मन्त्रीबाट जवाफ दिनुहुने बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, रेल्वे विधेयक, २०७९ माथि राष्ट्रिय सभा नियामावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब म माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणुकुमारी यादवलाई "रेल्वे विधेयक, २०७९" सभासमक्ष पेस गर्न अनुमति दिन्छु ।

**<u>माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री रेणुकुमारी यादव</u>**:- सम्माननीय अध्यक्ष महोदय, रेल्वे ऐन, २०२० मा रेल चालकको योग्यता, रेल्वेसम्बन्धी अपराध र सजायको व्यवस्था रहेकोमा नेपाल सरकारले मिति २०७७/१/८ मा रेल्वे अध्यादेश २०७७ जारी गरी रेल्वे ऐन, २०२० खारेज भएको र जनकपुर कुर्था जयनगर रेल सेवा सञ्चालनमा आइसकेकोले सोसम्बन्धमा तत्काल कानुनी व्यवस्था गर्न आवश्यक भई सङ्घीय संसदको अधिवेशन चालु नभएको स्थितिमा पछिल्लो पटक नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मिति २०७८/१२/६ मा रेल्वेसम्बन्धी अध्यादेश, २०७८ जारी भई कार्यान्वयनमा रहेको छ । उक्त अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक सङ्घीय संसदमा पेस गरी रेल्वेसम्बधी कानुनी व्यवस्थालाई निरन्तरता दिनु आवश्यक रहेको छ । प्रस्तुत विधेयक सङ्घीय संसदबाट स्वीकृति प्राप्त भएपछि देशको आर्थिक समुन्नतिमा महत्त्वपूर्ण भूमिका र रेल्वे सेवाको सञ्चालनले आम नागरिकलाई सरल र सहज ढङ्गले सुविधा उपलब्ध हुने छ । प्रस्तावित विधेयकमा रेल चालक तथा सहचालको लागि अनुमति दिने निकाय एवम् अधिकारीको व्यवस्था, यात्रीको मालसमानको ढुवानी यात्रीगुन्टा तथा क्षतिपूर्तिको आधार र मापदण्ड तोक्न रेल्वेसम्बन्धी दुर्घटनाको छानबिन गरी क्षतिपूर्तिको व्यवस्था गर्ने सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएको सम्माननीय अध्यक्ष महोदयको अनुमतिले "रेल्वे विधेयक, २०७९" सभासमक्ष पेस  गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल असार १० गते शुक्रवार अपराह्न १:०० बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ साल असार १० गते शुक्रवार अपराह्न १:०० बजे बस्ने गरी यो बैठक स्थगित भयो ।)

**स्थगितः- १५:१३ बजे ।**